## अध्याय - एक

# परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

#### क) प्राथमिक शिक्षाको विकास र वर्तमान अवस्था

औपचारिक शिक्षामा पहिलो तहको शिक्षा प्राथमिक शिक्षा हो । प्राथमिक शिक्षाले व्यक्तिको आर्थिक, सामाजिक, साँस्कृतिक विकासमा सहयोग पुग्नेछ । प्राथमिक शिक्षाबाट समाजका र व्यक्तिका विविध क्षेत्रमा सकारात्मक सहयोग पुग्ने कुरा निर्विवाद छ । यस्ता सहयोगका क्षेत्रहरूमा कृषि पेशामा सहयोग, व्यक्तिगत आयस्रोत क्षेत्र पहिचान र आयस्रोत वृद्धि, जन्मदर नियन्त्रण, स्वास्थ्य र पोषण क्षेत्रमा सुधार तथा समयानुकूल सकारात्मक परिवर्तन आदि छन् । बाल बालिकामा राष्ट्रियताको भावना विकास गराइ राष्ट्रिय एकता कायम राख्न सहयोग गर्ने, प्राकृतिक सम्पदाको सदुपयोग गर्ने, विज्ञान र प्रविधिका क्षेत्रमा भइरहेको द्रुततर परिवर्तनलाई अङ्गिकार र आत्मसाथ गर्नेछ (प्रा.शि. पाठ्यक्रम, २०५७) । प्राथमिक तहको शिक्षालाई आधारभूत तथा प्राथमिक शिक्षा मानी विश्वका धेरैजसो राष्ट्रहरूले आफ्नो राष्ट्रिय बजेटको ठूलो अंश प्रारम्भिक शिक्षामा खर्च गर्ने गरेका छन् (पाठ्यक्रम कार्यान्वयन पुस्तिका, २०५७) ।

नेपालको सन्दर्भमा शिक्षाको विस्तारको क्रमलाई नियाल्दा शिक्षा विकासको क्रम मानव सभ्यता जति नै पुरानो पाइए तापनि औपचारिक रूपमा प्राथमिक विद्यालय स्थापनाको श्रेय भने १९०६- १९०७ तिर नेपालका तात्कालिन प्रधानमन्त्री जङ्गबहादुरको बेलायतको यात्रा र त्यहाँ शिक्षा क्षेत्रमा भएको विकासबाट प्रेरित भएर २०१० सालमा प्राथमिक विद्यालयको औपचारिक सुरुवात भएको पाइन्छ । राणा प्रधानमन्त्रीहरू कोही शिक्षासम्बन्धी उदार र कोही कठोर भएका कारण विद्यालयको विकाश र विस्तारको लागि अनुकुल समयको लागि २००७ सालसम्म कुर्नुपर्यो । २००७ सालको राजनैतिक परिवर्तन पछि नेपालको शिक्षा विकासका विविध सम्भावनाको खोजिकार्य सुरू भयो । जसमा २०११ सालमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोग, सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति १०१८, २०५४ को राष्ट्रिय शिक्षा सल्लाहकार परिषद, राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-०३२ ले योजनावद्ध शिक्षा विकासका प्रयत्नहरू थालनी गरे । नेपालले २०५४ मा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागू गर्‍यो साथै सन् १९९० मा भएको थाइल्याण्डको जेन्टल

सम्मेलनमा भएका प्रतिवद्धता लागू गर्न सहमति जनायो । यस्ता प्रतिवद्धता र प्रयासका वावजुद नेपाल अन्य विकाशोन्मुख देशहरू भन्दा शिक्षा क्षेत्रमा पछाडि नै रहेको छ । देशको जनसङ्ख्याको ठूलो अंश निरक्षरताले ग्रसित छ । प्रथमिक शिक्षाले जरो गाड्न कठिन भइरहेको छ (रा.शि.आ.को प्रतिवेदन २०४९) ।

नवौं योजनाको समयदेखि हाम्रा सम्पूर्ण प्रयासहरू गरिबी निवारणतर्फ केन्द्रित छन् । त्यसकारण दशौं योजना (२०५९-६४) ले प्राथमिक शिक्षालाई गरिबी निवारण गर्ने शसक्त माध्यमको रूपमा प्रयोग गरियो । यहि उद्देश्य अनुसार सेनेगलको डाकार सम्मेलन २००० ले "सबैको लागि शिक्षा" कार्यक्रमको नारालाई निरक्षरता उन्मुलनको माध्यमको रूपमा प्रयोग गरियो । सन् २०१५ सम्ममा सबैका लागि शिक्षा दिइसक्ने अन्तराष्ट्रिय रणनितिमा नेपालले हस्तास्क्षर गरेको छ । तर पनि नेपालले सोचे अनुरूप सफलता पाइरहेको छैन भन्ने तथ्य फ्लास रिपोर्टहरूबाट पाउन सकिन्छ । नेपालले प्राथमिक शिक्षामा सोचे अनुरूप पर्याप्त सफलता पाउन नसक्नुमा मूल्याङ्कन प्रणालीलाई एउटा जिम्मेवारी ठानिएको छ (Flash । Report, 2062) ।

## १.२ प्राथमिक तहमा मूल्याङ्कन प्रकृया

व्यक्ति वा शैक्षिक कार्यक्रमको गुण वा मूल्यको विश्लेषण गर्ने प्रकृयालाई मूल्याङ्कन भनिन्छ । शैक्षिक रूपमा मूल्याङ्कनलाई पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धिहरू विद्यार्थीहरूले के कति मात्रामा आर्जन गरे भनेर लेखाजोखा गर्ने काम विद्यार्थी मूल्याङ्कन हो । त्यस्तै शैक्षिक उद्देश्यहरू कुन हदसम्म प्राप्त भयो भन्ने कुराको निर्णय गर्नु नै मूल्याङ्कन हो (रञ्जितकार, २०५८) ।

प्राथमिक शिक्षा दिग्दर्शन, २०५७ का अनुसार "मूल्याङ्कनका तौर तरिका तथा मूल्याङ्कनको नतिजा उपयोगका दृष्टिले मूल्याङ्कनका प्रणालीलाई निर्माणात्मक र निर्णयात्मक तथा औपचारिक र अनौपचारिक मूल्याङ्कनमा वर्गिकरण गरिएको छ ।" हाम्रो देशमा अहिले प्राथमिक तहमा औपचारिक र अनौपचारिक दुवै मूल्याङ्कनका विधिहरू अपनाउने गरिन्छ । अहिले औपचारिक मूल्याङ्कनका रूपमा निम्न परीक्षाहरू प्रयोगमा छन् ।

क) एकाइ परीक्षा

निश्चित एकाइको अध्ययन पश्चात विद्यार्थीहरूमा के कति सबल पक्षहरू र के कति कमजोर पक्षहरू विकाश भए थाहा पाउन र पृष्ठपोषण दिन सुधार गर्न लिइने परीक्षा एकाइ परीक्षा हो ।

ख) त्रैमासिक परीक्षा

तीन महिनासम्म पढाएका पाठहरूमा विद्यार्थीहरूले के कति सिकाई उपलब्धि हासिल गरे वा गरेनन् जानकारी लिन र आवश्यक सुधारका उपायहरू अवलम्बन गर्न शैक्षिक सत्र सुरु भएको ३ महिनामा पहिलो र ६ महिनामा दोस्रो त्रैमासिक वा अर्ध वार्षिक परीक्षा लिने गरिन्छ । पहिलो त्रैमासिकको १०% र दोस्रो त्रैमासिक परीक्षाको ३०% अङ्क वार्षिक अङ्कभारमा जोडिन्छ ।

ग) वार्षिक परीक्षा

शैक्षिक सत्रभरि अध्ययन गरेका सिकाई उपलब्धिहरूमा विद्यार्थीहरूले के कति हासिल गरे त्यसका आधारमा पास वा फेल छुट्याउन वार्षिक परीक्षा लिइन्छ । यसको अङ्कभार ६०% कायम गरिएको छ ।

उल्लेखित १०%, ३०% र ६०% अङ्कभार भएका परीक्षाहरूमा प्राप्त प्राप्ताङ्क जोड्दा ३२% अङ्क उत्तीर्ण हुनका लागि प्राप्त गर्नु पर्नेछ । तर कक्षा १, २ र ३ मा यो मूल्याङ्कनका प्रणाली लागू छैन । औपचारिक रूपमा परिमार्जित पाठ्यक्रम २०६२ अनुसार २०६३ देखि २०६५ सम्ममा लागू भएको निरन्तर मूल्याङ्कन प्रणालीबाट उदार कक्षोन्नति गर्ने गरिएको छ ।

## १.३ निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नति

"हरेक शिक्षण कृयाकलापसँगै र आवश्यकता अनुसार समय समयमा गरिने मूल्याङ्कन निरन्तर विद्यार्थी मूल्याङ्कन हो । यसले अनौपचारिक मूल्याङ्कनलाई जोड दिन्छ । यस प्रकृयामा मूल्याङ्कनका विभिन्न माध्यम जस्तै लिखित र मौखिक परीक्षा, प्रश्नोत्तर, अवलोकन, विगतका कार्यहरू आदिबाट मूल्याङ्कन गर्न सकिन्छ ।" (पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रवोधिकरण सामाग्री, पाठ्यक्रम विकास केन्द्र, २०६३) ।

मुख्य रूपमा हाम्रा विद्यालयहरूमा प्राथमिक तहका विद्यार्थीहरूका लागि आवधिक लिखित परीक्षा सञ्चालन गरेर उनीहरूलाई उत्तीर्ण, अनुत्तीर्ण घोषणा गर्ने मूल्याङ्कन प्रणालीले गुणात्मक प्राथमिक शिक्षा र विद्यार्थी टिकाउने कार्य समेतलाई असर गरेको छ । आवधिक परीक्षाका यी कमि कमजोरीहरूलाई दृष्टिगत गरी नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनका माध्यमबाट कक्षा १, २ र ३ मा उदार कक्षोन्नति नीति लागू गरेको छ । यस नीतिलाई वि.सं. २०६३ सालबाट क्रमशः २०६५ सालसम्ममा ३ वटै कक्षामा देशभर लागू गरेको छ । मूलरूपमा आवधिक परीक्षा लिएर पासफेल नछुट्याई शिक्षण सिकाइसँगै उनीहरूको निरन्तर मूल्याङ्कन गरी सिक्न नसकेका कुरा सिकाएर विद्यार्थीलाई कक्षा चढाउनु उदार कक्षोन्नति हो । यसबाट विद्यार्थी फेलहुने सम्भावना रहँदैन र कक्षा छोड्ने समस्या रहँदैन जसबाट सबैका लागि शिक्षा भन्ने नारा सार्थक हुने आशा सरकारले लिएको छ । तर उदार कक्षोन्नतिसम्बन्धी विभिन्न गुनासाहरू रहेको पाइन्छ । उदाहरणका लागि “मूल्याङ्कन प्रणाली सम्बन्धी खोज अनुसन्धान नगरी लागू गरिएको, यसमा शिक्षक अभिभावकहरू अनभिज्ञ रहेका, मापदण्डको व्यवहारिक प्रष्टता नभएको” (एजुकेसनल पेजेज, वर्ष-४, अङ्क-२) । यस भित्र कार्यान्वयनको अवस्था तथा सम्बद्ध पक्षहरूको विचार र प्रभाव बुझ्न यो अध्ययन गरिएको छ । प्राथमिक पाठ्यक्रम २०६८ ले यो मूल्याङ्कनका तरिकालाई निम्नानुसार उल्लेख गरेको छ ।

### १.३.१ उदार कक्षोन्नति मूल्याङ्कनका तरिकाहरू

परिमार्जित प्राथमिक पाठ्यक्रम २०५७ ले उदार कक्षोन्नति गर्न निरन्तर मूल्याङ्कन प्रणाली अपनाउन सिफारिस गरेको छ । निरन्तर मूल्याङ्कन प्रणालीमा पाठगत रूपमा ५ वटा मापदण्ड कक्षाकार्य/गृहकार्य, परियोजना कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य र हाजिरीको प्रयोग गरी मूल्याङ्कन गर्नुपर्छ । मूल्याङ्कन लाई व्यवस्थित बनाउन प्रत्येक विद्यार्थीको विषयगत उपलब्धि स्तर, विद्यार्थी हाजिरी, विद्यार्थीको सामाजिक, आर्थिक र पारिवारिक विवरण अभिभावकबाट लिएका सुझाव, अतिरिक्त क्रियाकलाप र निरन्तर मूल्याङ्कनका मापदण्डका आधारमा कार्य सञ्चयीका निर्माण गर्नुपर्दछ । निरन्तर मूल्याङ्कनका आधारमा सिकाइमा स्तर वृद्धि गर्न नसकेको देखिएमा शिक्षकहरूले अभिभावकलाई ट्युसनको  व्यवस्था गर्न लगाउने, कक्षा समयमै कमजोर विद्यार्थीलाई बढी अवसर दिने, अभिभावकलाई सिकाइ वातावरण राम्रो बनाउन सुझाव दिने, बालबालिकालाई

आपसमा सिकाइ गर्न उत्प्रेरित गर्ने, शिक्षण विधिहरू परिवर्तन गर्ने उपायहरू अवलम्बन गरी सिकाउनु पर्ने कुराहरू प्राथमिक पाठ्यक्रम २०६२ ले उल्लेख गरेको छ ।

निरन्तर मूल्याङ्कनका मापदण्डहरूमा विद्यार्थीको प्रगतिको मूल्याङ्कनका आधारमा अति उत्तम, उत्तम र सामान्य वर्गमा छुट्याई क्रमशः तीनवटा, दुईवटा र एउटा रेजा मूल्याङ्कन फारममा दिने व्यवस्था गरिएको छ । दिएका रेजाहरूको आधारमा रेजा प्रतिशत निकाली ७०% भन्दा माथि ल्याउनेलाई 'क' श्रेणी, ४०% देखि ७०% सम्म पर्नेलाई 'ख' श्रेणी र ४०% र सोभन्दा कम प्राप्त गर्नेलाई 'ग' श्रेणीमा राखी माथिल्लो कक्षामा अनिवार्य कक्षोन्नति गर्नुपर्ने व्यवस्था गरिएको छ । यस अध्ययनमा उल्लेखित तरिकाहरूलाई अध्ययनको आधारका रूपमा प्रयोग गरिएको छ ।

## १.४ समस्याको कथन

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदले तयार पारेको विद्यालय आयोग समक्ष बुझाएको तीन वर्षे अन्तरिम योजनामा सातकक्षासम्म उदार कक्षोन्नती नीतिलाई अङ्गिकार गरीएको थियो । हालको प्राथमिक र निम्न माध्यमिक तहको शिक्षालाई आधारभूत शिक्षाको रूपमा वर्गीकरण गरिएको छ । आधारभूत शिक्षामा विद्यार्थी पहुँच बढाउन र उनीहरूलाई विद्यालयमा आकर्शित गर्न उदार कक्षोन्नतीको अवधारणा अघि सारिएको छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नतिसम्बन्धी स्पष्ट नीति निर्धारण तर्जुमा भई रहेता पनि यस विषयमा अझैपनि केही अन्योल र विरोधाभास रहेको कुरा विज्ञहरू व्यक्त गर्दछन् । मुख्य रूपमा उदार कक्षोन्नतिको विषयमा शिक्षक, अभिभावक अझै पनि केही अनभिज्ञ रहेको र शिक्षकहरूमा कतिपय बुझाई फरक फरक भएको र सम्बन्धित निकायले तर्जुमा गरेको ठोष नीति नियमहरू पनि व्यावहारिक रूपमा कार्यान्वयनमा द्विविधा रहेको छ । जसका कारण बालकको निरन्तर मूल्याङ्कनको पाटोलाई पन्छाएर कक्षामात्र चढाउने, फेल पार्नु नहुने धारणा भएको हुादा हचुवाको आधारमा कक्षोन्नति गरिएको पाइन्छ । स्थानीय विद्यालयका प्र.अ., शिक्षक, स्रोतकेन्द्रका शिक्षक र अभिभावक र सरोकारवालाहरूको धारणा कस्तो छ र यसको प्रभाव कस्तो परिरहेको छ ? यस विषयमा ताप्लेजुङ जस्तो दुर्गम पहाडी जिल्लाको मैवाखोला स्रोतकेन्द्र ताप्लेजुङ्गमा निम्न समस्याहरू भित्र रहेर अध्ययन गरिएको छ ।

- के उदार कक्षोन्नति र निरन्तर मूल्याङ्कनका विषयमा सरोकारवाला(अभिभावक, शिक्षक, प्र.अ., स्रोत शिक्षक, वि.नि.) हरू जानकार छन् ?
- उदार कक्षोन्नतिका निमित्त गरिने निरन्तर मूल्याङ्कन र अभिलेख दुरुस्त गरेको छ ?
- सम्बन्धित निकायबाट उदा कक्षोन्नतिका लागि शिक्षक, अभिभावक र प्र.अ. लाई अवधारणा कार्यान्वयन प्रक्रियाको लागि तालिम र कार्यशाला आयोजना गरिएको छ कि छैन ?
- के उदार कक्षोन्नति निर्धारित मापदण्डका आधारमा गर्ने गरिएको छ ?
- के उदार कक्षोन्नतिले पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरुप उपलब्धि प्रदान गरेको छ ?
- के उदार कक्षोन्नतिको प्रभाव वास्तविक लक्षित समुदायमा परेको छ ?

**१.५ अध्ययनको औचित्य**

परिमार्जित प्राथमिक तहको पाठ्यक्रम २०६२ ले प्राथमिक तह १-३ मा निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतिलाई अङ्गिकार गरेको छ । निरन्तर मूल्याङ्कन प्रणाली लागू हुनुभन्दा अगाडि २०६३ को शिक्षा विभागको तथ्याङ्कलाई हेर्दा भर्ना अभियान बाट २५ प्रतिशत विद्यार्थी थप भर्ना भएका र कक्षा दोहोऱ्याउने दर कक्षा १ मा ४०५ रहेको रिपोर्टमा उल्लेख छ । यस तथ्याङ्कलाई हेर्दा अध्ययन गर्दा पास प्रतिशत कम हुने र शैक्षिक भति बढी भएको पाइन्छ । सामुदायिक विद्यालयिय शिक्षाप्रति अभिभावक र विद्यार्थीको नकारात्मक छाप परेको छ । यसका साथै विद्यार्थीको विद्यालय छोड्ने दर कायमै छ । यस्ता समस्याहरूलाई न्यूनिकरम गर्न विद्यालयमा समायोजन भई साधारण लेखपढ गर्न सके पुग्ने प्राथमिक तह १-५ का कक्षाहरूमा औपचारिक लिखित तथा मौखिक परीक्षाबाट पासफेल गराउने कार्य सान्दर्भिक हुँदैन भन्ने अवधारणाका साथ निरन्तर मूल्याङ्कन प्रकृया र उदार कक्षोन्नति प्रकृया लागू भएको हो । यस नीतिबाट सन् २०१५ मा “सबैका लागि शिक्षा“ को उद्देश्य पूरा हुने विश्वास लिइएको छ । तर उल्लेखित अपेक्षा पूरा गर्न उदार कक्षोन्नति मूल्याङ्कन प्रक्रियामा केही कठिनाईहरू रहेको र अपेक्षा गरे अनुरूप कार्यान्वयन भइरहेको छ वा छैन बहसको विषय बन्न सक्छ । यस सन्दर्भलाई पहिचान गर्दै ग्रामिण क्षेत्रमा यसको

अवधारणा कार्यान्वयन कस्तो रहेको छ ? यसका जटिलताहरू केके हुन् ? यस्ता जटिलताली कसरी समाधान गर्न सकिन्छ ? यसको प्रभाव कस्तो परिरहेको छ ? समस्याको समाधान कसरी गर्न सकिन्छ ? आदि प्रश्नको जबाफ खोज्न यो अध्ययन औचित्यपूर्ण भएको छ । यसका साथै अध्ययनबाट उजागर भएका तथ्यहरूबाट उदार कक्षोन्नति मूल्याङ्कन प्रक्रियामा सुधार गर्न र यसको प्रभाव वृद्धि गर्न शिक्षक, अभिभावक, प्रशासकहरूलाई सहयोग पुग्नुका साथै यस विषयमा गहन अध्ययन गर्न चाहने अनुसन्धानकर्तालाई आधार भएको छ । हालसम्म उदार कक्षोन्नति प्रयोगमा भएका सबल र कमजोर पक्षहरूलाई बाहिर कमजोर पक्षको न्युनिकरण गर्न र प्रभाव वृद्धि गर्न साथै अन्य आवश्यकिय क्षेत्रमा समेत यसको निष्कर्ष प्रयोग गर्न सकिन्छ भन्ने आधारमा यस अध्ययनको औचित्य पुष्टि गर्न सकिन्छ ।

## १.६ अध्ययनको उद्देश्य

अध्ययनका उद्देश्यहरू निम्न अनुसार छन् :

क) उदार कक्षोन्नति सम्बन्धी सरोकारवालाहरूको धारणा पत्ता लगाउनु,

ख) कक्षोन्नति कार्यक्रमका प्रयासहरूको खोजी गर्नु,

ग) उदार कक्षोन्नती मूल्याङ्कन प्रक्रियाको कार्यान्वयनमा देखिएका समस्याहरू पहिचान गर्नु ।

घ) उदार कक्षोन्नती कार्यान्वयनको प्रभाव पहिचान गर्नु ।

## १.७ अध्ययनको परिसीमा

यस अध्ययनका परिसीमाहरू निम्न अनुसार छन् :

क) यो अध्ययन ताप्लेजुङ जिल्लाको मैवाखोला स्रोत केन्द्रका ३ वटा गा.वि.स. मा रहेका ८ वटा सामुदायिक विद्यालयहरूमा मात्र सीमित गरिएको छ ।

ख) यो अध्ययन आधारभूत तहको उदार कक्षोन्नती कार्यक्रम लागू भएका कक्षा १, २ र ३ मा कार्यान्वयनको अवस्था र प्रभावलाई मात्र समेट्ने छ ।

ग) यस अध्ययनले उत्तरदाताका रूपमा सामुदायिक विद्यालयका ८ जना प्र.अ., १६ जना शिक्षक, १६ जना अभिभावक, स्रोतव्यक्ति र वि.नि.लाई मात्र समेटिएको छ ।

घ) उदार कक्षोन्नती मूल्याङ्कन कक्षा १, २ र ३ मा मात्र लागू भएकाले विद्यार्थीहरूलाई उत्तरदाताका रूपमा लिइएको छैन ।

ङ) पाठ्यक्रमले तोकेको तरिकाहरूका आधारमा कार्यान्वयनको अवस्था र प्रभाव अध्ययनलाई सिमित गरेको छ ।

**१.८ शब्दावलीहरूको अर्थ र परिभाषा**

उदार कक्षोन्नति : विना परीक्षा निरन्तर मूल्याङ्कनबाट कक्षा चढाउने व्यवस्थालाई उदार कक्षोन्नति भनिन्छ ।

विद्यालय : सामुदायिक र संस्थागत दुवै थरिका विद्यालयहरू बुझिन्छ ।

सामुदायिक विद्यालय : नेपाल सरकारबाट सालवसाली रूपमा अनुदान पाउने गरी स्वीकृतिप्राप्त विद्यालयहरूलाई सामुदायिक विद्यालय भनिन्छ ।

संस्थागत विद्यालय : नेपाल सरकारबाट नियमित अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई संस्थागत विद्यालय भनिन्छ ।

प्राथमिक शिक्षा : कक्षा १ देखि कक्षा ५ सम्म दिइने शिक्षा प्राथमिक शिक्षा हो ।

अभिभावक : विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालय अभिलेखमा उल्लेख भएको व्यक्तिहरू नै अभिभावक हुन् ।

प्रधानाध्यापक : विद्यालय अध्यापन र व्यवस्थापन दुवै गर्ने प्रमुख व्यक्तिलाई प्रधानाध्यापक भनिन्छ ।

स्रोत व्यक्ति : तोकिएको स्रोत केन्द्रमा रहेका निजी र सामुहिक विद्यालयमा सहयोग तथा सहजिकरण गर्न कार्यालयको प्रतिनिधिका रूपमा प्र.अ.हरूले चयन गरेको व्यक्तिलाई बुझाउँछ ।

विद्यालय निरिक्षक : विद्यालयको अनुगमन, निरिक्षण तथा सुपरीवेक्षण गर्न सरकारद्वारा नियुक्त जिल्ला शिक्षा कार्यालयको कर्मचारीलाई बुझाउँछ ।

## परिच्छेद : दुई

## सैद्धान्तिक अवधारणा र पूर्वसाहित्यको समीक्षा

प्राथमिक विद्यालयको मूल्याङ्कन प्रणाली, उदार कक्षोन्नति तथा निरन्तर मूल्याङ्कन प्रणालीसँग सम्बन्धित व्यक्ति, संस्था र आयोगबाट गरिएका अध्ययनहरू तथा उदार कक्षोन्नतिको सैद्धान्तिक अवधारणाबारे पाठ्यक्रमले उल्लेख गरेको तथ्यहरूलाई सैद्धान्तिक अवधारणा र पूर्व साहित्यको समीक्षा शीर्षकहरूमा चर्चा गरिएको छ ।

### २.१ उदार कक्षोन्नतिको सैद्धान्तिक अवधारणा

उदार कक्षोन्नति सम्बन्धमा प्राथमिक पाठ्यक्रम दिग्दर्शन- २०५७ ले यसको सैद्धान्तिक आधारका रूपमा विद्यार्थीको औपचारिक परीक्षा नलिइ निरन्तर मूल्याङ्कनका माध्यमले माथिल्लो कक्षा चढाउनुलाई मानेको छ ।

यसले उदार कक्षोन्नतिका आधारहरूमा माथिल्लो कक्षामा जाने उमेर पुगेको हुनुपर्ने, विद्यालय खुलेको ७०% दिन हाजिर भएको हुनुपर्ने, शैक्षिक सत्रको पहिलो त्रैमासिक अवधिमै कक्षामा विशिष्ट क्षमता देखाउने विद्यार्थीलाई सोही अवधिमै माथिल्लो कक्षामा चढाउन सकिने, दोस्रो वा तेस्रो त्रैमासिकमा कक्षा उकास्न नसकिने कुराहरू प्रस्तुत गरेको छ । कक्षा १ मा नयाँ पाठ्यक्रम प्रबोधिकरण पुस्तिका २०६२ उदार कक्षोन्नतिका प्रक्रियाहरू सम्बन्धमा प्रत्येक विषयको प्रत्येक विद्यार्थीको कार्यसंचयिका फायल तयार गर्ने, यएस्ता आधारहरू कक्षा सहभागिता, परियोजना कार्य, गृहकार्य/कक्षाकार्य, हाजिरी र व्यवहार परिवर्तन हुने ।

प्रत्येक मापदण्डको मूल्याङ्कनलाई अतिउत्तम, उत्तम, सामान्य तीन वर्गमा छुट्याई क्रमशः तीनवटा रेजा (✓✓✓), दुईवटा रेजा (✓✓) र एक वटा रेजा (✓) ले सङ्केत गरिन्छ ।

प्राप्त प्रतिशतमा ७०% भन्दा बढी अङ्क प्राप्त गर्ने 'क' श्रेणी, (४०-७०%) बीचमा पर्ने 'ख' श्रेणी र ४०% भन्दा कम ल्याउने 'ग' श्रेणीमा राख्ने, सबै श्रेणीका विद्यार्थीलाई माथिल्लो कक्षामा अनिवार्य कक्षोन्नति गर्नै पर्ने र कमजोर विद्यार्थीलाई माथिल्लो कक्षामा सुधारका उपायहरू अपनाउने, उदार कक्षोन्नतिका आधार नपुगेका विद्यार्थीलाई

अभिभावकसँग परामर्श लिई सोही कक्षा दोहोऱ्याउन लगाउन सकिने कुराहरू उल्लेख गरेको छ ।

## २.२ पूर्व साहित्यको समीक्षा

सुव्यवस्थित र स्तरीय मूल्याङ्कनका लागि मूल्याङ्कन प्रक्रिया र नीति स्पष्ट हुनुपर्दछ । उदार कक्षोन्नति मूल्याङ्कनलाई गुणस्तरीय र प्रभावकारी बनाउन निरन्तर मूल्याङ्कन प्रणालीलाई अवलम्बन गरी सोही अनुरूप मूल्याङ्कनका प्रविधिहरूलाई प्रयोग गर्नु  उपयुक्त हुने देखिन्छ । त्यसैले यस अध्यायमा यसभन्दा अघि भए गरेका मूल्याङ्कन सम्बन्धी आयोगका प्रतिवेदनका सुझावहरू, अनुसन्धानका निष्कर्षहरू आदिलाई समावेश गरिएको छ ।

### २.२.१ मूल्याङ्कनको सन्दर्भमा विभिन्न आयोगले दिएका सुझावहरू

शिक्षाको गुणस्तरमा वृद्धि गर्नका लागि मूल्याङ्कन प्रणाली पनि एउटा महत्त्वपूर्ण पक्ष हो । त्यसैले समयको परिवर्तनसँगै शिक्षामा पनि परिवर्तन गर्नका लागि विभिन्न आयोगहरू गठन भएका छन् । यी आयोगहरूले शैक्षणिक मूल्याङ्कनका लागि विविध सुझावहरू दिएका छन् ।

राष्ट्रिय शिक्षा योजना आयोग २०११ ले प्रथमिक तहको मूल्याङ्कन सम्बन्धमा शारिरीक, सामाजिक, मानसिक दृष्टिकोणहरू छात्र प्रगतिको विकास अन्तर्गत हुनुपर्छ । विचार गर्ने शक्ति, जिज्ञासा, अग्रसरता, उत्तरदायित्व, चार्ट र नक्साहरू, पढ्ने योग्यता, इमान्दारी, राम्रो स्वास्थ्य, बन्धुत्व, सहयोग जस्ता कुराहरू पढाइबाट कण्ठ गरेको कुरा भन्दा ज्यादा महात्त्वपूर्ण हुन्छ । यदि हामी छात्र प्रगतिको सहायक बन्ने हो भने उपयुक्त कुराहरूलाई निरीक्षण, आत्म दिग्दर्शन कार्य र अन्य उपायको बरोबर प्रयोग गरी मापन गर्नुपर्दछ । यो भएको खण्डमा अन्तिम परीक्षाको परम्पराक्रम आवश्यकता पर्दछ किनभने शिक्षकले अगाडि नै थाहा पाउँछ कि त्यो छात्र वा छात्रा वर्गको औसत विद्यार्थी भन्दा कसरी अगाडि बढेको छ भन्ने कुरा उल्लेख गरेको छ । यस्ता उपयोगी सुझावहरू प्रस्तुत भएता पनि त्यसको कार्यान्वयन भएको देखिँदैन ।

वि.स. २०१७ सालको देशमा राजनैतिक परिवर्तनसँगै शिक्षामा पनि परिवर्तनका लागि स.रा.शि.स. २०१८ लागू भयो । यसले मूल्याङ्कन सम्बन्धमा सिफारिस गरेका सुझावहरू निम्न अनुसारका छन् :

मूल्याङ्कनका विभिन्न प्रक्रियाहरू जस्तै कक्षा कार्य खेलकुद, चरित्र, आचारविचार, निर्धारित विषयको ज्ञान आदि प्रयोग गरिनु पर्ने, प्रत्येक विद्यार्थीको कक्षा १-१० सम्म सञ्चित अभिलेख राखिनु पर्ने, एस.एल.सी. परीक्षामा आन्तरिक अङ्क जोडिनु पर्ने, आवधिक परीक्षाको आधारमा पास फेल गर्नुपर्ने, एउटै उत्तर पुस्तिकालाई दुईचार जनाले मूल्याङ्कन गर्ने सुझावहरू रहेका छन् ।

नेपालको शिक्षा विकासक्रममा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनाले मूल्याङ्कन सम्बन्धमा निम्न सुझावहरू पेश गरेको थियो :

विद्यार्थीको प्रगति मूल्याङ्कन गर्न त्रैमासिक परीक्षा लिने, प्रत्येक तहको परीक्षा जिल्ला स्तरीय, अञ्चल स्तरीय र राष्ट्रिय स्तरीय क्रमशः प्रा.वि., नि.मा.वि.र मा.वि. मा हुनुपर्ने, प.नि.का.मा परीक्षा सुधार र अनुसन्धान शाखा हुनुपर्ने सुझाव पेश गरेको थियो ।

मूल्याङ्कन प्रक्रिया परीक्षामा केन्द्रित हुनाले शिक्षामुखी नभइ प्रशासनमुखी भएको छ । कक्षा शिक्षण पाठ्यक्रमको उद्देश्य र त्यसमा निहित भावना र मूल्याङ्कन बीच आवश्यक तालमेल हुनुपर्नेमा सो नभएको कुरा राष्ट्रिय शिक्षा आयोग २०४९ ले मूल्याङ्कनका प्रमुख मुद्दा तथा समस्यामा उल्लेख गर्दै प्राथमिक तहको मूल्याङ्कनका लागि निम्न सिफारिसहरू गरेको छ :

- प्राथमिक कक्षाका बालबालिकाहरू निम्ति मूल्याङ्कन गर्ने नियमित परिपाटी बसाल्नु पर्दछ । यसो गर्दा गृहकार्य, मौखिक कार्यहरूका अतिरिक्ति आन्तरिक क्रियाकलापमा संलग्नताका साथै पाठको अन्त्यमा कक्षा परीक्षालाई सो को अभिलेख राख्ने व्यवस्था हुनुपर्छ ।
- कक्षा ३ को अन्त्यमा सम्बन्धित विद्यालयका प्र.अ. र स्थानिय स्रोत केन्द्रको प्र.अ.ले खटाएको एक जना शिक्षक समेतको समितिले विद्यार्थीको लिखित तथा मौखिक परीक्षा गरी विद्यार्थीको स्तर निर्धारण गरेर परीक्षाको आधार सहित जि.शि.का.मा पठाउनु पर्दछ ।

नेपालमा प्राथमिक शिक्षालाई बालबालिकाहरूको बालअधिकार र सामाजिक तथा आर्थिक विकासको रणनीतिका रूपमा लिनुपर्ने कुरालाई जोड दिँदै उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले मूल्याङ्कन र उदार कक्षोन्नति सम्बन्धमा कक्षा दोहोऱ्याउने र विद्यालय छोड्ने अवस्थाबाट सृजित शैक्षिक क्षतिलाई घटाउन र विद्यार्थीलाई पढाइमा थामिराख्न १ देखि ३ कक्षासम्म विद्यार्थीहरूले स्वभाविक रूपमा तल्लो कक्षाबाट माथिल्लो कक्षामा चढ्न पाउने उदार कक्षोन्नतिको व्यवस्था गर्नुपर्ने उल्लेख गरेको छ । र विद्यार्थीको उपलब्धिको लेखाजोखा निम्ति वार्षिक परीक्षा अतिरिक्ति मासिक परीक्षा, लिखित तथा मौखिक परीक्षा, गृहकार्य, उपस्थिति र अभिलेख समेतलाई आधार बनाइ निरन्तर मूल्याङ्कन प्रणाली प्रयोग गर्नुपर्ने उल्लेख छ । यसैगरी शिक्षा सम्बन्धी उच्च स्तरीय कार्य समितिको प्रतिवेदन २०५८ को परीक्षा प्रणाली शीर्षकमा प्राथमिक तहको १-५ कक्षासम्म निरन्तर मूल्याङ्कन प्रणाली अनुसार कक्षा चढाइने व्यवस्था गरिने उल्लेख छ ।

### २.२.२ मूल्याङ्कनको सन्दर्भमा नेपाल सरकारले गरेका प्रयासहरू

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयले प्राथमिक शिक्षाको गुणात्मक विकास र सबै बालबालिकालाई प्राथमिक शिक्षा उपलब्ध गराउने विभिन्न प्रयासहरू भएका छन् र हुँदैछन् तर यिनीहरूले उत्साहजनक सफलता हासिल गर्न सकेको छैन । सबै बालबालिका विद्यालयमा भर्ना भएका छैनन् र भर्ना भएका पनि अनुत्तीर्ण हुने, कक्षा दोहोऱ्याउने र बीचैमा विद्यालय छोड्ने सङ्ख्या प्रशस्त छ । यसो हुनमा वर्तमान आवधिक लिखित परीक्षामा आधारित मूल्याङ्कन जिम्मेवार छ । यसै कुरालाई महशुस गरी राष्ट्रिय योजना आयोगको नवौं पञ्चवार्षिक योजनाको नीति अनुरूप सरकारले आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमको गुरुयोजना (१९९७) राख्यो र आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो चरण (१९९९-२००४) तथा २०५८ सालमा गठित शिक्षा सम्बन्धी उच्चस्तरीय कार्य समितिले कक्षा १-५ सम्म निरन्तर मूल्याङ्कन प्रणाली अनुसार कक्षा चढाइने व्यवस्था गरे अनुरूप विद्यार्थीको अभिलेखका आधारमा उदार कक्षोन्नतिको नीति परीक्षणका रूपमा इलाम, चितवन, स्याङ्जा, सुर्खेत र कञ्चनपुरमा लागू गरी २००३ सालबाट अधिराज्य भरी लागू गरिसकिएको छ ।

निरन्तर मूल्याङ्कन कार्यक्रम पुस्तिका २०५६ ले निरन्तर मूल्याङ्कन प्रणालीका विशेषताहरूका सम्बन्धमा शिक्षण सिकाइ क्रियाकलापसँगै आवश्यकता अनुसार बारम्बार गरिने, औपचारिक मूल्याङ्कन प्रणालीमा आधारित, मूल्याङ्कनका लागि लिखित परीक्षा,

मौखिक परीक्षा, अवलोकन जस्ता साधनहरू प्रयोग गर्न सकिने, प्रभावकारी शिक्षण सिकाइ र पृष्ठपोषणमा उपयोग हुने, कमजोर विद्यार्थीको उपलब्धि स्तर बढ्ने जस्ता कुराहरू उल्लेख गरेको छ ।

यस्तै प्राथमिक शिक्षा पाठ्यक्रम २०५७ ले प्राथमिक शिक्षालाई प्रभावकारी र गुणस्तरयुक्त बनाउन शिक्षक तालिम सञ्चालन सामग्री निर्माण र वितरण, कार्यसञ्चयिका निर्माण र प्रयोग, अनुगमन तथा मूल्याङ्कन जस्ता पक्षमा ध्यान पुऱ्याउनु पर्ने उल्लेख गरेको छ । विद्यार्थी कार्यसञ्चयिका र यसका फाइदाहरू परिशिष्टमा उल्लेख छ ।

### २.२.३ विभिन्न संस्था तथा व्यक्तिले गरेका अध्ययनहरू

CERID, (1998) मा वर्तमान प्राथमिक तहको मूल्याङ्कन प्रणालीको पुनरावलोकन गर्न, कक्षा ५ को अन्त्यमा हुने जिल्ला स्तरीय परीक्षा कसरी सञ्चालन हुन्छ मूल्याङ्कन गर्न र प्राथमिक तहको मूल्याङ्कन प्रक्रिया सुधारका लागि उपायहरू दिने उद्देश्यहरू राखी गरिएको अनुसन्धान प्रतिवेदनमा उदार कक्षोन्नति बारे जिल्ला शिक्षा अधिकारीहरूको फरक फरक मत रहेको उल्लेख छ । जसमा केहीको विचार अनुसार उदार कक्षोन्नतिले सिकाइ उपलब्धि प्राप्तिमा सहयोग पुऱ्याउने भनिएको छ भने बाँकीको विचारमा यसले माथिल्लो कक्षाको पाठ्यक्रम  र पाठ्यभार समायोजनमा समस्या सृजना गर्ने उल्लेख छ । त्यस्तै यस अध्ययनले शहरी र ग्रामिण क्षेत्रका शिक्षकहरूमा गरिएको सर्वेक्षणमा अधिकांश शहरी शिक्षक उदार कक्षोन्नतिबाट समय र पैसा बच्नुका साथै विद्यार्थीको प्राप्तिमा सहयोग गर्नेमा निश्चित छन् तर ग्रामिण क्षेत्रका सरकारी विद्यालयका शिक्षकहरू यो मूल्याङ्कन प्रणाली लागू गर्न नहुने तर्क राख्दै यसबाट विद्यार्थी पढाइबाट टाढिने विचार राख्दछन् ।

ग्रामिण र शहरी क्षेत्रका प्राइभेट तथा सरकारी विद्यालयहरूमा गरिएको यस अध्ययनको निष्कर्ष तथा सुझावमा सरकारले १ देखि ३ कक्षासम्म उदार कक्षोन्नति मूल्याङ्कन प्रणाली लागू गर्न सिफारिस गर्दै शिक्षकहरूलाई तालिम दिने र भरपर्दो अनुगमनको व्यवस्था हुनुपर्छ साथै अभिभावकलाई यस सम्बन्धी जनचेतना जगाउनु पर्ने उल्लेख छ ।

थापा (२०५९) को प्राथमिक तहमा मूल्याङ्कन प्रणाली एक अध्ययन अनुसार विद्यालयमा प्रयोगमा रहेका साधनहरूमा प्रथम त्रैमासिक परीक्षा, दोस्रो त्रैमासिक परीक्षा, तेस्रो त्रैमासिक परीक्षा, मासिक परीक्षा, साप्ताहिक परीक्षा, अवलोकन र गृहकार्यहरूको

उल्लेख छ भने विद्यालयमा प्रयोग नगरिने साधनहरूमा रुजु सूची, श्रेणीमापन, मामला अध्ययन, घटनावृत्त अभिलेख, सञ्चित अभिलेख, व्यक्तिगत फायल आदि रहेको उल्लेख छ ।

ज्ञवाली (२०६०-६१) को प्राथमिक कक्षाका केही समस्या र समाधानका उपाय बारेको एक लेख अनुसार यस अवस्थाका विद्यार्थीहरू प्रायः खेल्ने र साथी समूहमै बसेर दिन बिताउन चाहने हुन्छन् । त्यसकारण पढाइप्रति उनीहरूको ध्यान केन्द्रित हुन सक्दैनन् । यस अवस्थामा धेरैजसो विद्यार्थीहरूले कि त गृहकार्य नै नगर्ने अथवा गरे पनि लापरवाही तरिकाले सजायबाट बच्ने उद्देश्यले मात्रै गर्ने प्रवृत्ति पाइन्छ । विद्यार्थीहरूले गृहकार्य गरेनन् भने सजाय दिइहाल्नु उचित हुँदैन । उनीहरूले के कारणले गृहकार्य नगरेका हुन् सो कुराको खोजी गर्नुपर्दछ । विषयवस्तु नबुझेर गरेनन् वा बुझेर पनि समय पाउन्नन् अथवा वेवास्ताकै कारणले गरेनन् भन्ने कुराको जानकारी लिनु पर्छ ।

विद्यार्थीले गर्ने क्रियाकलापमा अभिभावकको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । अशिक्षित परिवारका बालबालिकाहरू प्रायः यसप्रति वेवास्ता गर्दछन् । केही बालकले विषयवस्तु बुझेका छैनन् र घरमा अभिभावक अशिक्षित छन् भने गृहकार्य नगर्नु ठूलो गल्ती होइन तर अभिभावक शिक्षित भएर पनि बालबालिकाका क्रियाकलापप्रति बेवास्ता गर्छन् भने त्यसको जिम्मेवार अभिभावक हुनुपर्छ । यस अवस्थामा शिक्षकले अभिभावकलाई भेटेर उचित सल्लाह र परामर्श दिनु पर्छ । यदि विद्यार्थीले बुझेर पनि गर्दैन भने त्यसलाई दण्ड नभएर मनोवैज्ञानिक उपचार गर्नुपर्दछ । त्यसका लागि शिक्षकले गृहकार्य जाँच गरी अङ्क दिने, प्रथम र द्वितिय गरी अङ्क विभाजन गर्नुपर्दछ र पुरस्कार दिने गर्नाले पनि यस क्षेत्रमा सुधार ल्याउन सकिन्छ । यदि नियमित रूपमा गृहकार्य गराउन नसकिएमा र सजाय दिनुपरेमा विद्यार्थी विद्यार्थीबीच दिन लगाउनु पर्दछ ।

## अध्याय : तीन

## अध्ययन विधि

कुनै पनि अध्ययनलाई प्रभावकारी र सजिलोसँग गर्नका लागि विधिहरू पूर्व निर्धारण गर्नुपर्ने हुन्छ । यस अध्ययनले उदार कक्षोन्नतिको कार्यान्वयनको अवस्था र प्रभाव के कस्तो छ, मूल्याङ्कन कसरी गरिएको छ, कस्तो प्रभाव परिरहेको छ, विश्लेषण गर्ने उद्देश्यले गरिएको थियो । अध्ययनलाई अघि बढाउन निम्नअनुसार अध्ययन ढाँचा, जनसङ्ख्या नमुना छनोट, साधन निर्माण गरिएको थियो ।

### ३.१ अध्ययनको ढाँचा

अध्ययन गर्ने विषयको प्रकृति अनुसार अध्ययनका ढाँचाहरू फरकफरक हुन्छन् । यस अध्ययनको विषयको प्रकृतिका आधारमा तथ्याङ्कहरूलाई गुणात्मक र परिमाणात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ । अध्ययनमा शिक्षकहरू र प्र.अ.हरूबाट गुणात्मक तथा परिमाणात्मक तथ्याङ्क सङ्कलन गरिएको थियो भने अभिभावक, वि.नि., स्रोत शिक्षकबाट गुणात्मक तथ्याङ्क सङ्कलन गरिएको थियो । प्राप्त तथ्याङ्कहरूलाई प्रकृतिअनुसार गणितिय व्याख्या विश्लेषण, गरिएको छ । त्यसैले यस अध्ययनमा निश्चित ढाँचाको प्रयोग भएको छ ।

तालिका नं. १
तथ्याङ्क सङ्कलन तथा विश्लेषण तालिका

| उद्देश्य | उत्तरदाताहरू | साधन | अपेक्षित उपलब्धि |
|---|---|---|---|
| १) हालसम्म भइरहेको उदार कक्षोन्नति कार्यनीति नियम सङ्गत रूपमा भइरहेको छ ? थाहा पाउने । | वि.नि. १, स्रोतव्यक्ति १, प्र.अ. ८ गरी जम्मा १० जना | प्रश्नावली/ अन्तर्वार्ता | उदार कक्षोन्नति कार्य नीति नियम अनुरूप भए नभएको थाहा हुने |
| २) शिक्षकहरूलाई उचित तालिम कार्यशालाबाट उदार कक्षोन्नति प्रकृयाका लागि सक्षम बनाइएको छ ? | स्रोतशिक्षक १, प्र.अ. ८ र शिक्षक १६ गरी जम्मा २५ जना | प्रश्नावली, समुह छलफल र रेकर्ड अवलोकन | शिक्षकहरूको सक्षमता वृद्धि भए नभएको थाहा हुने |
| ३) उदार कक्षोन्नतिको प्रभाव विद्यार्थी, अभिभावक र समग्र सरोकारवालामा कस्तो परेको छ ? | अभिभावक र शिक्षक १६, प्र.अ. ८ र वि.नि. १ गरी जम्मा ४१ जना | समुह छलफल र अन्तर्वार्ता | समुदाय, विद्यार्थी र सरोकारवाला सबैमा उदार कक्षोन्नतिको वास्तविक प्रभाव थाहा हुने |
| ४) यसको प्रभाव वृद्धि गर्न गर्नुपर्ने थप कार्यहरू पहिचान गर्न | प्र.अ. ८, स्रोत शिक्षक १, शिक्षक १६ गरी जम्मा २५ जना | समुह छलफल | उदार कक्षोन्नतिको प्रभाव वृद्धि गर्ने थप उपाय पहिचान गर्ने |

### ३.२ जनसङ्ख्या

यो अध्ययन मैवाखोला स्रोतकेन्द्रमा गरिएको हुनाले स्रोतकेन्द्रका स्रोतव्यक्ति, वि.नि., प्र. अ., शिक्षक (१-३) कक्षाहरूमा अध्यापन गर्ने, वि.व्य.स पदाधिकारी, अभिभावक, पी.टी.ए. प्रतिनिधि सबैलाई जनसङ्ख्या मानिएको छ ।

### ३.३ नमूना छनोट विधि

यो अध्ययन अनुसन्धानका लागि निर्धारित जनसङ्ख्या मध्ये भौगोलिक विकटतालाई समेत मध्यनजर गर्दै निम्न अनुसार नमूना छनौट गरिएको थियो ।

#### ३.३.१ विद्यालय छनोट

स्तरीकृत नमूना छनोट विधिको प्रयोग गरी जनसङ्ख्यामा पर्ने तीनवटा गा.वि.सका २६ वटा विद्यालयहरू मध्येबाट प्रत्येक गा.वि.स.का शुद्ध प्रा.वि. र उच्च मा.वि. पर्ने गरी तीस प्रतिशत वा आठवटा विद्यालय छनोट गरिएको छ ।

#### ३.३.२ शिक्षक छनोट

छनोटमा परेका विद्यालयका कक्षा १-३ मा अध्यापन गर्ने शिक्षकहरू मध्ये २/२ जना गरी सोह्र जना शिक्षकलाई प्रश्नावली र अन्तर्वार्ताका लागि उद्देश्यमूलक रूपमा छनोट गरिएको छ ।

#### ३.३.३ अभिभावकहरूको छनोट

उद्देश्यपूर्ण नमूना छनोट विधि अनुसार सजिलै भेट्न सकिने प्रत्येक विद्यालयको २/२ जना कक्षा १-३ भित्रका अध्ययन गर्ने विद्यार्थीका अभिभावक जम्मा सोह्र जना अन्तर्वार्ताका लागि छनोट गरिएको छ ।

#### ३.३.४ स्रोत शिक्षक र वि.नि.छनोट

मैवा खोला स्रोतकेन्द्रका शिक्षक १ जना, वि.नि. १ जना, छनोटमा परेका विद्यालयका सबै प्र. अ.हरू आठ जना गरी दसजनालाई अन्तर्वार्ता, समूह छलफल र प्रश्नावलीका लागि सुविधाजनक विधिबाट छनोट गरिएको छ ।

### ३.४ तथ्याङ्क सङ्कलनका स्रोतहरू

#### ३.४.१ प्राथमिक स्रोतहरू

प्रश्नावली, अन्तर्वार्ता, सामग्रीहरूको अध्ययन र समूह छलफललाई प्राथमिक तथ्याङ्क सङ्कलनको स्रोतको रूपमा लिइएको छ ।

#### ३.४.२ द्वितीय स्रोतहरू

विद्यार्थी कार्यसञ्चयिका, मूल्याङ्कन अभिलेख र मूल्याङ्कन फारमलाई तथ्याङ्कका द्वितीय स्रोतको रूपमा प्रयोग गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलनका साधनहरूको निर्माण

यस अध्ययनलाई सम्पन्न गर्न निम्न साधनहरूको निर्माण गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

#### ३.५.१ प्रश्नावली

- शिक्षकहरूका लागि प्रश्नावली : उदार कक्षोन्नतिको अवधारणा अनुरूप नीति नियम कार्यान्वयन भए नभएको, मूल्याङ्कनको पर्याप्तता, कार्यान्वयनका लागि आवश्यक तालिम र कार्याशाला पूरा भए नभएको, मापदण्डहरूकै आधारमा कक्षोन्नति भए नभएको, यसको जनमानसमा कस्तो प्रभाव रहेको छ, आदि विषयमा तथ्याङ्क सङ्कलन गर्न बन्द तथ खुला प्रश्नावली निर्माण गरी प्रयोग गरिएको छ । जसलाई अनुसूची ३ मा उल्लेख गरिएको छ ।
- स्रोत शिक्षक र प्र.अ. का लागि प्रश्नावली : उदार कक्षोन्नतिको अवधारणा, भई रहेका नीति-नियम र मूल्याङ्कन विधिहरूको प्रयोगको उपयुक्तता, पर्याप्तता आवश्यक तालिम वा कार्यशाला सञ्चालन, निरीक्षण, प्रभावको अनुगमन, आदि विषयमा आधारित भएर बन्द तथा खुला प्रश्नावली निर्माण गरी तथ्याङ्क सङ्कलन गरिएको छ । जसलाई अनुसूची ४ मा उल्लेख गरिएको छ ।

### ३.५.२ अन्तर्वार्ता निर्देशिका

- अभिभावकका लागि अन्तर्वार्ता निर्देशिका : वर्तमानसम्म सञ्चालित उदार कक्षोन्नति मूल्याङ्कन र निरन्तर मूल्याङ्न, सञ्चालन तरिका र बालक र आफू स्वयम्मा यसबाट परेको प्रभाव सम्बन्धमा आफ्नो विचार, तर्क र धारणा प्रस्तुत गर्न लगाउन निर्देशिका बनाई अभिभावकसँग सोही अनुरूप खुला र गहिरो अन्तर्वार्ता लिइएको छ । जसलाई अनुसूची ५ मा उल्लेख गरिएको छ ।

- शिक्षक. प्र.अ. र स्रोत शिक्षकका लागि अन्तर्वार्ता निर्देशिका : शिक्षक प्र.अ., स्रोत शिक्षक र वि.नि.बाट भराइएका प्रश्नावलीमा अस्पष्ट भएका त्यसबाट नआएका र अझ गहन रूपमा बुझ्नुपर्ने विषयहरू, विचारहरूको लागि अन्तर्वार्ता निर्देशिका तयार गरी प्रयोग गरिएको छ । जसलाई अनुसूची ६ मा उल्लेख गरिएको छ ।

### ३.५.३ लक्षित समुह छलफल निर्देशिका

माथि उल्लेखित साधनहरूबाट सङ्कलित तथ्याङ्कहरूको अध्ययनमा उदार कक्षोन्नति मूल्याङ्कन कार्यान्वयन प्रक्रियालाई सुधार गर्नुपर्ने र प्रभावकारिता वृद्धि गर्ने विषयमा रहेका समस्याहरू र समस्या समाधानका उपायहरू के-के हुनसक्छन् खोजी गर्न आवश्यक लक्षित समुह छलफल निर्देशिका बनाई ८ जना प्र.अ., १ जना स्रोत शिक्षक र १ जना वि.नि.सँग लक्षित समुह छलफल विधिबाट छलफल गरिएको छ । जसलाई अनुसूची ७ मा उल्लेख गरिएको छ ।

### ३.५.४ अवलोकन फारम

उदार कक्षोन्नति मूल्याङ्कन गर्न प्रयोग गरिएका मूल्याङ्कनका फारामहरू, यस मूल्याङ्कन सम्बन्धी अभिलेखहरू, कार्यान्वयनको अवस्था र प्रभाव पहिचान गर्न रूजू सूचीहरूको प्रयोग गरी रेकर्ड सङ्कलन गरिएको छ, जसलाई अनुसूची ९ र १० मा उल्लेख गरिएको छ ।

## ३.६ साधनहरूको वैधता

समय र स्रोतको अभावमा यस अध्ययनका शोध निर्देशकज्यूको सुझाव र समकक्षी साथीहरूको छलफलबाट साधनहरूको वैधता निर्धारण गरिएको छ ।

### ३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया

स्रोत शिक्षक, वि.व्य.स. अध्यक्ष, प्र. अ. र पी.टी.ए.का अध्यक्षको परामर्श र समन्वयबाट तोकिएको मिति स्थान र समयमा अभिभावकहरूसँग अन्तर्वार्ता प्रश्हरूको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । स्रोत शिक्षक, वि.नि., शिक्षक र प्र.अ.सँग समन्वय गरी तोकिएको स्थान र मितिमा अन्तर्वार्ता र प्रश्नावलीबाट तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनकर्ताले उक्त दुवै किसिमका तथ्याङ्कहरू अध्ययन गरी समूह छलफलमा लगी निर्देशिका तयार गरिएको छ । स्रोत शिक्षकको परामर्श अनुसार सोही प्रश्नहरूको प्रयोग गरी वि.नि., स्रोत शिक्षक र प्र.अ.हरूसँग छलफल सञ्चालन गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

## अध्याय : चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या

अध्ययन अनुसन्धानका क्रममा नमुना छनोटमा परेका ८ वटा विद्यालयहरूको अभिलेख अवलोकनबाट प्राप्त सुचना, वि.नि., स्रोत शिक्षक, प्र.अ.हरू, शिक्षकहरू र अभिभावकहरूसँग समूह छलफल, प्रश्नावली र अन्तर्वार्ताका माध्यमबाट प्राप्त गरिएका सूचनाहरूलाई गुणात्मक तथा परिमाणात्मक तरिकाबाट विश्लेषण गरिएको छ ।

ताप्लेजुङ्ग जिल्लाको पश्चिमतर्फ रहेको २ देखि १० कोषसम्मको दुरीमा रहेको मैवाखोला स्रोतकेन्द्रका ३ वटा गा.वि.स.मा रहेका २६ विद्यालयहरूमध्ये ८ वटा विद्यालयमा आधारित रही यो अध्ययन गरिएको छ । अध्ययन क्षेत्रमा परेका विद्यालयमध्ये अनुसन्धान छनोटमा परेका विद्यालयहरूको विवरण परिशिष्ट नं.१ मा दिइएको छ ।

### ४.१ उदार कक्षोन्नतिसम्बन्धी सरोकारवालाहरूको अवधारणाको विश्लेषण

नमुना छनोटमा परेका प्र.अ., शिक्षक र अभिभावकसँग प्रश्नावली र अन्तर्वार्ताबाट उदार कक्षोन्नतिको अवधारणा बारे निम्न शीर्षकहरूमा व्याख्या विश्लेषण गरिएको छ ।

- उदार कक्षोन्नतिको अर्थ र प्रक्रिया
- उदार कक्षोन्नतिको मूल्याङ्कन कार्यान्वयनको अवस्था
- उदार कक्षोन्नतिका सकारात्मक पक्ष
- उदार कक्षोन्नति सम्बन्धमा वर्तमान नीति नियम र यसको उपयुक्तता र पर्याप्तता

विद्यार्थीहरूलाई शिक्षा दिनुको अर्थ उनीहरूलाई पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हाँसिल गराउनु हो । उनीहरूलाई फेल गरेर असक्षम गराउनु होइन । निर्माणात्मक मूल्याङ्कनको उद्देश्य विद्यार्थीहरूमा प्रभावकारी रूपमा शिक्षण सिकाइ गरेर सिकाइ उपलब्धि पूरा गराउनु हो । पठन पाठन सँगसँगै निरन्तर रूपमा गरिने मूल्याङ्कनलाई निरन्तर विद्यार्थी मूल्याङ्कन भनिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनमा शिक्षकले कुनै न कुनै प्रकृयाबाट विद्यार्थीको सिकाइको बारेमा निगरानी गरिरहनु पर्दछ र उनीहरूको कठिनाइ बुझेर त्यस अनुरूप शिक्षण गरिनु पर्दछ । यसो गरिएमा सोचेजस्तो विद्यार्थीले पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि आर्जन गर्दछन् । यसै धारणामा आधारित विद्यार्थीलाई सिक्ने कुरा सिकाएर फेल नगराउनु नै उदार कक्षोन्नति हो । उदार कक्षोन्नतिका लागि परिमार्जित

प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गत विद्यार्थीको कक्षा सहभागिता, कक्षाकार्य र गृहकार्य, दैनिक हाजिरी, व्यवहारमा आएको परिवर्तनको अवलोकन, लिखित परीक्षा र मौखिक प्रश्नोत्तरलाई समावेश गरिनुपर्ने उल्लेख गरेको छ ।

अध्ययन क्षेत्रमा परेका विद्यालयका शिक्षक तथा अभिभावक र प्र.अ. हरूको निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतिको अवधारणा सङ्कलन गर्न पाठ्यक्रमले तयार गरेका तरिकाहरू नै आधार बनाइएको छ ।

### ४.१.१ निरन्तर मूल्याङ्कन प्रणाली

क) शिक्षकहरूको प्रतिक्रिया विश्लेषण

हरेक शिक्षण सिकाइ क्रियाकलापसँगै निरन्तर रूपमा र आवश्यकताअनुसार समय समयमा गरिने मूल्याङ्कन निरन्तर मूल्याङ्कन हो । यसमा हाजिरी कक्षा सहभागिता, सिर्जनात्मक कार्य, गृहकार्य, कक्षाकार्य, व्यवहार परिवर्तन जस्ता आधारहरूको अतिरिक्त लिखित र मौखिक परीक्षाबाट मूल्याङ्कन गर्न सकिने अवस्था छ ।

अध्ययन छनोटमा परेका विद्यालयका सबैजसो शिक्षकका धारणामा विद्यार्थीले प्रत्येक दिन विद्यालयमा सिकेका कुराबाट व्यवहारमा के परिवर्तन गर्न सक्यो वा सक्छ भनेर प्रत्येक दिन निरन्तर रूपमा गरिने मूल्याङ्कन निरन्तर मूल्याङ्कन हो । जसबाट विद्यार्थीको नियमित हाजिरी, बोल्ने, नियमित कक्षामा सहभागि हुने, गृहकार्य गर्ने, कक्षामा मिलेर बस्ने, नियमित विद्यालय आउने बानीमा सहयोग पुऱ्याउँदछ । यसै सन्दर्भमा मैवाखोला उ.मा.वि.का शिक्षक विद्यार्थीलाई नियमितता गराउन, कक्षामा सहजतापूर्वक सिक्न र विद्यार्थीको मनोभावनामा आघात नहोस भन्न बारम्बार गरिने मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन भन्दछन् । मानेडाडा प्रा.वि.का शिक्षकको विचारमा निरन्तर मूल्याङ्कन प्रणाली सिकाइ झैँ निरन्तर चलिरहने प्रकृया हो र यसबाट विद्यालयमा भर्ना भएका बालबालिका असफल हुने, कक्षा दोहोऱ्याउने र बीचैमा विद्यालय छाड्ने दर घट्दै जान्छ भन्ने धारणा राख्दछन् ।

समग्रमा निरन्तर मूल्याङ्कन प्रणाली सम्बन्धमा शिक्षकहरूको धारणा सिक्षण सिकाइ र विद्यार्थीका विविध पक्षहरूमा निरन्तर गरिने मूल्याङ्कन हो भन्ने  रहेको पाइयो ।

ख) अभिभावकहरूको प्रतिक्रिया विश्लेषण

अभिभावकहरूका लागि प्रत्यक्ष रूपमा निरन्तर मूल्याङ्कन प्रणालीका सन्दर्भमा कुनै प्रश्न गरिएको थिएन । तर मूल्याङ्कन प्रणालीसम्बन्धी प्रश्न र पूरक प्रश्नहरूबाट सङ्कलन गरिएको धारणा निम्न अनुसार रहेको पाइयो ।

अन्तर्वार्तामा संलग्न सोह्र जना अभिभावकहरू मध्ये तेह्र जनाले मूल्याङ्कनलाई परीक्षाको रूपमा लिइएको पाइयो । निरन्तर मूल्याङ्कन प्रणालीका बारेमा तीन जना अभिभावक बाहेक अन्य अभिभावकहरूलाई जानकारी भएको पाइएन । तीनजना मध्ये नारायणी उ.मा.वि.का अभिभावकले परीक्षालाई असजिलो साधनका रूपमा उल्लेख गरे । साना साना बालबालिकाका लागि परीक्षाका अतिरिक्त उनीहरूको व्यवहार, कृयाकलाप जस्ता समग्र पक्षको नियमित मूल्याङ्कन गर्नु, निरन्तर मूल्याङ्कन हो । सरस्वती नि.मा.वि.का एक अभिभावकले दैनिक मूल्याङ्कन गर्न प्रक्रिया निरन्तर मूल्याङ्कन प्रणाली भएको तर परीक्षालाई नै मूल्याङ्कन ठान्ने अभिभावकको धारणामा परिवर्तन नआएसम्म यो व्यवहारिक नहुने तर्क राखेका थिए । समग्र रूपमा हेर्दा अभिभावकहरू निरन्तर मूल्याङ्कन प्रणालीका विषयमा जानकार नभएको पाइयो ।

ग) प्र.अ.हरूको प्रतिक्रिया विश्लेषण

अध्ययन क्षेत्रका विद्यालयहरूमा प्रधानाध्यापकहरूको निरन्तर मूल्याङ्कनसम्बन्धी धेरै समान धारणा रहेको पाइयो । उनीहरूको विचारमा कक्षाकोठाको अतिरिक्त अनौपचारिक तथा अनियमित तरिकाबाट विद्यार्थीको दैनिक रूपमा सर्वपक्षिय मूल्याङ्कन गर्नु निरन्तर मूल्याङ्कन हो । जसले विद्यार्थीलाई शैक्षिक, सामाजिक, पारिवारिक र वातावरणिय रूपबाट मूल्याङ्कन गर्छ । शिक्षक र अभिभावक भन्दा प्र.अ. हरूमा निरन्तर मूल्याङ्कनका विषयमा प्रष्ट धारणा रहेको पाइयो ।

तालिका नं. २

निरन्तर मूल्याङ्कन प्रणाली सम्बन्धमा अभिभावक, शिक्षक र प्र.अ.को धारणा

| अभिभावक | शिक्षक | प्रधानाध्यापक |
|---|---|---|
| मूल्याङ्कन भनेको परीक्षा हो भन्ने धारणा दिए अनुसार मूल्याङ्कनको प्रष्ट धारणा नभएको । ३ जनामा मात्र व्यवहारिक परिवर्तनका समग्र पक्षको दैनिक मूल्याङ्कन हो र मूल्याङ्कनलाई परीक्षाबाट अलग रूपमा नहेरिएसम्म व्यवहारिक नहुने धारणा राखे । | शिक्षण सिकाइका क्रममा र निरन्तर रूपमा विद्यार्थीको समग्र पक्षको मूल्याङ्कन निरन्तर मूल्याङ्कन हो । यसले विद्यार्थीलाई नियमित गराउन, सजिलै सिक्न, विद्यालय वातावरण मनोवैज्ञानिक बनाउन, साथै परीक्षा त्रासबाट मुक्त पार्न, कक्षा दोहोऱ्याउने र बीचैमा विद्यालय छाड्ने दर घटाउने धारणा प्रस्तुत गरेका थिए । | कक्षाकोठाका अतिरिक्त अनौपचारिक र अनियमित तरिकाबाट विद्यार्थीहरूको दैनिक र सर्वपक्षिय मूल्याङ्कन प्रकृया निरन्तर मूल्याङ्कन हो । यसले विद्यार्थीको शैक्षिक, सामाजिक, पारिवारीक वातावरण आदिको निरन्तर मूल्याङ्कन गरी सिकाइमा सहयोग गर्दछ । |

### ४.१.२ उदार कक्षोन्नतिको अर्थ र कार्यान्वयन प्रक्रिया

पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रबोधिकरण सामग्री (२०६२) ले उदार कक्षोन्नतिको अर्थ विद्यार्थीलाई पाठ्यक्रमले तोकेका सिकाई उपलब्धिहरू पूरा नगराई स्वतः कक्षा चढाउने भन्ने होइन । विद्यार्थीको निरन्तर मूल्याङ्कन गरेर उनीहरूले नसिकेका कुरा पहिचान गरी थप सहयोग गरेको खण्डमा सबैजसो विद्यार्थीले पाठ्यक्रमले तोकेको सिकाई उपलब्धि आर्जन गर्दछन् र उनीहरू फेल हुँदैनन् भन्ने रहेको छ । यसै सन्दर्भमा छनोटमा परेका विद्यालयका शिक्षक, अभिभावक, प्र.अ.हरूको धारणा निम्न अनुसार रहेको पाइयो ।

क) शिक्षकको अवधारणा र कार्यान्वयनको प्रक्रियाको विश्लेषण

अध्ययन छनोटमा परेका विद्यालयका सबै शिक्षकहरूले उदार कक्षोन्नतिलाई विना परीक्षा निरन्तर मूल्याङ्कनबाट कक्षा चढाइने प्रक्रिया र विद्यार्थीलाई असफल गराउनु नुहुने प्रकृयाका रूपमा प्रयोग गरेको पाइयो । सूर्यदेवी मा.वि.का शिक्षकको विचारमा उदार

कक्षोन्नतिको अर्थ निर्धारित उद्देश्य पूरा गरिसकेपछि अर्को कक्षामा चढाउनु, तल्लो कक्षामा सिक्न बाँकी रहेका कुराहरू माथिल्ला कक्षामा पनि सिकाउन र सिक्न सक्छ भन्ने आधारमा कक्षा उकास्नु हो । नारायणी मा.वि.का एक शिक्षकको राय अनुसार "विद्यार्थीहरूलाई दैनिक मूल्याङ्कन गरी त्यसको रेकर्ड राखी अन्त्यमा सोही अनुसारका कक्षा चढाउनुलाई उदार कक्षोन्नति भनिन्छ ।"

उदार कक्षोन्नतिसम्बन्धी गरिएका प्रश्नहरूको आधारमा शिक्षकका अवधारणा र कार्यान्वयन प्रकृया निम्न अनुसार पाइयो ।

उदार कक्षोन्नति कार्य भइरहे पनि यो प्रकृया उपयुक्त र प्रभावकारी छ भन्ने पक्षमा १२ जना (७५%) थिए भने ४ जना (२५%) शिक्षकहरू यो कार्य राम्रो होइन, यस प्रकृयालाई हटाउनु पर्छ भन्ने पक्षमा रहेको पाइयो । उपयुक्त प्रकृया मान्ने पक्षका ७५% शिक्षकहरूको विचारमा खासगरी साना बालबालिकाहरू चाडै सम्भन्छन् र चाडै बिर्सन्छन् । मौखिक तथा लिखित परीक्षामा भन्दा उदार कक्षोन्नतिमा दैनिक तथा पाठगत मूल्याङ्कन हुने हुँदा प्रभावकारी रूपमा सिकाइ मूल्याङ्कन हुन्छ । यसै पक्षमा रहेकी सरस्वती प्रा.वि.की शिक्षक इश्वरा गौतमको विचारमा "विद्यार्थीको व्यवहार परिवर्तन र सिकेका कुराको अवलोकनबाट निरन्तर मूल्याङ्कन हुने हुँदा विद्यार्थीका सबै पक्षको मूल्याङ्कन गरिएको हुन्छ ।" मानेडाँडा प्रा.वि.का उषाकिरणको विचारमा "उदार कक्षोन्नतिका कारण फेल नहुने हुँदा मनोवैज्ञानिक प्रभाव परी विद्यार्थीहरूको मन प्रफुल्ल, उत्साही र माथिल्ला कक्षामा पनि बढी मेहनत गर्ने र शिक्षकबाट पनि निरन्तर मूल्याङ्कन हुने हुँदा सिक्न प्रोत्साहित भएको पाइएको अनुभव प्राप्त भयो । उदार कक्षोन्नतिको नकारात्मक प्रभाव रहेको भन्ने शिक्षकहरूको तर्क अनुसार विद्यार्थीको निरन्तर मूल्याङ्कन नगरीकन हचुवाको आधारमा मूल्याङ्कनको नक्कल मात्र गरेर कक्षोन्नति गर्ने गरिएकोले यो मूल्याङ्कन ठीक मानेनन् । यस मूल्याङ्कन प्रकृयाले सिकाई उपलब्धि पूरा गर्न नसकिने ठोकुवा उनीहरूले गरेका थिए । निरन्तर विद्यार्थी मूल्याङ्कनबाट उदार कक्षोन्नति गरी राम्रो नतिजा प्राप्त भइरहने पक्षमा १२ जना र यस तरिकाबाट विद्यार्थीको शैक्षिक स्तर खस्केको भन्ने पक्षमा ४ जना मात्र रहेको पाइयो । यसका साथै उदार कक्षोन्नति गर्दा अपनाउनु पर्ने तरिकाकका बारेमा विविध धारणा रहेको पाइयो । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३

उदार कक्षोन्नति गर्दा अपनाउनु पर्ने तरिकाबारे शिक्षकहरूको अवधारणा

| क्र.सं. | अपनाउने तरिका | शिक्षक सङ्ख्या |
|---|---|---|
| १ | निरन्तर मूल्याङ्कन बाटमात्र | ६ (३७.५) |
| २ | लिखित र मौखिक परीक्षाबाट मात्र | २ (१२.५) |
| ३ | दुवैबाट | ८ (५०) |
| | जम्मा | १६ |


स्रोत : स्थलगत अध्ययन २०६८

नोट : कोष्ठमा दिएको सङ्ख्याले प्रतिशतलाई अङ्कित गर्छ ।

उक्त तथ्याङ्कलाई वृत्त चित्रमा निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ ।

चित्र नं. १

उदार कक्षोन्नति अपनाउने शिक्षकहरूको सङ्ख्या




उल्लेखित तरिका र वृत्तचित्रको आधारमा हेर्दा उदार कक्षोन्नतिका लागि निरन्तर मूल्याङ्कनका प्रणाली मात्र उपयुक्त हुने पक्षमा ३७.५ % पाइयो । यस प्रकृयाबाट विद्यार्थीमा पृष्ठपोषण दिन सकिने तर्क प्रस्तुत भयो । २ जनाले उक्त मूल्याङ्कनलाई सोझै नकारात्मक भएको र हचुवा प्रवृत्तिबाट कक्षा चढाइएको राय दिए भने बाँकी ८ ज ना वा ५०% शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कनका साथसाथै लिखित र मौखिक परीक्षा पनि

सञ्चालन गरी मूल्याङ्कन गर्दा व्यवहारिक हुने र विद्यार्थीका सम्पूर्ण पक्षका सिकाइ उपलब्धि प्राप्त हुने राय प्रस्तुत गरेका थिए ।

ख) अभिभावकहरूको अवधारणा विश्लेषण

अन्तर्वार्तामा सम्लग्न मध्ये ५ जना अभिभावकले आफ्नो विद्यालयले समय समयमा विद्यालयमा डाक्ने, सम्पर्क गर्ने र बालबालिकाको प्रगति र कमजोरी विषयमा छलफल गर्ने र सल्लाह लिने गरेको पाइयो । उनीहरूले उदार कक्षोन्नति मूल्याङ्कनलाई राम्रो, बालकमा निडरता र आत्म विश्वास बढेको राय प्रस्तुत गरे भने ६ जना अभिभावकहरूले कक्षामा राम्रो सिकाइ मूल्याङ्कन नगरिएको, गृहकार्य नदिएको, दिए पनि चेक नगरिएको र विद्यार्थीको शैक्षिक स्तर खस्केको राय प्रस्तुत गरे । उनीहरूमा बच्चाको जाँच नआउने हुँदा पढ्ने र लेख्ने बानी हराएको र कक्षा मात्र चढ्ने गरेको राय पाइयो । ३ जना अभिभावकहरूले विद्यालयले विद्यार्थीका  लागि विभिन्न शारीरिक, मानसिक र सम्वेगात्मक विकास हुने खालका कृयाकलापहरू  सञ्चालन नगरेको र व्याख्यान विधिबाट मात्र शिक्षण सिकाइ भइरहेको हुँदा उदार कक्षोन्नति औपचारितामा सिमित भएको र बालबालिकाले कुनै नया उन्नति र प्रगति गर्न नसकेको राय प्रस्तुत गरेका थिए । प्रायसबै अभिभावकहरू (९ जना) उदार कक्षोन्नति प्रति सकारात्मक बन्न नसक्नुमा विद्यालयमा सञ्चालन हुने विविध कार्यक्रममा विद्यालयले आमन्त्रण नगर्ने, बच्चाको स्तरको विषयमा छलफल नहुने, शिक्षकले निरन्तर मूल्याङ्कन प्रकृयामा औपचारिकता मात्र पूरा गरेको धारणा प्रस्तुत भएको पाइयो । एक अभिभावकका अनुसार - उदार कक्षोन्नति गर्नु सिद्धान्तत : उपयोगी र प्रभावकारी देखिएता पनि विद्यालयमा भौतिक सुविधा, बाल केन्द्रित सिकाइ, सामग्रीको प्रयोग नहुदा यो प्रकृया सफल नहुने धारणा प्राप्त भयो । समग्र अभिभावकमा मूल्याङ्कनलाई परीक्षाका रूपमा हेरिरहेको दृष्टिकोण परिवर्तन नभएसम्म उदार कक्षोन्नति व्यवहारिक नभई औपचारिकतामा सिमित रहेको तर्क प्रस्तुत गरे ।

ग) प्र.अ.हरूको अवधारणा विश्लेषण

उदार कक्षोन्नति सम्बन्धमा ८ जना प्र.अ. हरूको सकारात्मक धारणा रहेको पाइयो । उनीहरूका अनुसार - प्राथमिक तहका बालबालिका जो औपचारिक लिखित परीक्षा पद्धतिका कारण टाढिएका छन् । उनीहरूलाई विद्यालयमा टिकाइरहन र प्राथमिक तह पूरा गराउन गरिने निरन्तर मूल्याङ्कनबाट कक्षा उकास्ने पद्धति उदार कक्षोन्नति हो । यसै

पक्षमा रहेका श्री नारायणी मा.वि.का प्र.अ.को राय यसप्रकार छ - "उमेरका कारणले अध्ययन कार्यमा असजिलो नपरोस र पढाइमा निरन्तरता प्राप्त होस् भन्न तल्लो कक्षाबाट माथिल्लो कक्षामा उकास्न मद्दत पुऱ्याउने तरिका उदार कक्षोन्नति हो ।"

५ जना प्र.अ.हरूको धारणामा उदार कक्षोन्नति गर्न निरन्तर मूल्याङ्कन गरिने र निरन्तर मूल्याङ्कन प्रक्रियामा भएका कमजोरी हटाउन प्रयास गरिने, अभिभावकहरूलाई समय समयमा विविध क्रियाकलापमा संलग्न गराइने हुँदा यसबाट बालबालिकाको शैक्षिक गुणस्तर वृद्धि गर्न सहयोग पुग्ने हुँदा उदार कक्षोन्नति प्रक्रिया उपयुक्त भएको धारणा राखेका थिए । सूर्यदेवी मा.वि.का प्र.अ.को विचारमा यस प्रक्रियाबाट विद्यार्थीहरू अक्षर नचिनी माथिल्लो कक्षामा जाने र पाठ्यक्रमका तहगत सिकाइ उपलब्धिहरूलाई प्रभावित पार्ने साथै शिक्षकहरू यस प्रक्रियामा तालिमको अभावमा अन्योलमा रहेका हुनाले व्यवहारिक मूल्याङ्कन हुन नसकेको धारणा प्रस्तुत गर्दछन् ।

मैवाखोला उ.मा.वि.का प्र.अ. उदार कक्षोन्नति गर्दा निरन्तर मूल्याङ्कन प्रणाली अपनाइने हुँदा सिकाइ प्रभावकारी हुने उपलब्धि स्तर राम्रो हुने र विद्यार्थीहरू मानसिक रूपमा सक्षम हुने राय प्रस्तुत भयो । सम्पूर्ण प्र.अ.हरूको धारणा उदार कक्षोन्नति गर्दा निरन्तर मूल्याङ्कनका साथै लिखित र मौखिक परीक्षा पनि प्रयोग गर्नु राम्रो हुने धारणा रहेको पाइयो ।

उल्लिखित विचारहरूको आधारमा हेर्दा शिक्षकहरूले उदार कक्षोन्नतिलाई विद्यार्थीलाई फेल गराउन नहुने तथा शैक्षिक सत्र पूरा गरेपछि कक्षा चढाउनै पर्ने प्रक्रियाको रूपमा लिएको पाइयो । ६ जना शिक्षकहरूमा यस उदार कक्षोन्नितिका लागि निरन्तर मूल्याङ्कन प्रणालीबाट प्रभावकारी सिकाइमा सहयोग पुग्ने भएकोले उपयुक्त मानेको १ जना शिक्षकले उदार कक्षोन्निति प्रकृया प्रति नकरात्मक भएको र यो प्रकृया हचुवाको भरमा औपचारिकता पूरा गर्ने प्रकृयामात्र भएको राय प्रस्तुत गर्दछन् । ९ जना शिक्षकको राय अनुसार निरन्तर मूल्याङ्कन प्रणाली र लिखित तथा मौखिक परीक्षा दुवै प्रकृयाबाट मात्र उदार कक्षोन्नति कार्य गर्नुपर्ने मान्यता राखेका थिए ।

अभिभावकहरूबाट उदार कक्षोन्नति मूल्याङ्कन प्रकृयाको अर्थ र परीभाषाबारे जानकारी रहेको पाइयो । ५ जना अभिभावकहरू पूर्णरूपमा सकारात्मक रहेको र उदार कक्षोन्नति मूल्याङ्कनबाट बालबालिकामा निडरता आत्मविश्वास बढेको धारणा पाइयो भने

६ जना अभिभावकमा निरन्तर मूल्याङ्कन नगरेको, गृहकार्य र कक्षाकार्य नदिएको र दिए पनि परीक्षण नगरिएको र शैक्षिक स्तर खस्केको राय दिए भने ३ जनाले विद्यार्थी केन्द्रित शिक्षण सामग्री प्रयोगमा बढावा दिएर मात्र उदार कक्षोन्नति प्रभावकारी बनाउन सकिने तर्क प्रस्तुत भयो ।

प्र.अ.हरूको धारणामा निरन्तर मूल्याङ्कनबाट कक्षा उकास्ने मूल्याङ्कन प्रकृयाका रूपमा उदार कक्षोन्नतिलाई लिएको पाइयो । निरन्तर मूल्याङ्कनबाट विद्यार्थीका कमजोरी हटाउन सुधारात्मक उपाय अपनाउने गरिएकोले उपयुक्त प्रकृयाका रूपमा लिएको पाइयो भने १ जना प्र.अ.ले शिक्षणलाई व्यवहारिक र विद्यार्थी केन्द्रित बनाएर मात्र उदार कक्षोन्नति सफल बनाउन सकिने धारणा प्रस्तुत गरियो ।

समग्रमा निरन्तर मूल्याङ्कनबाट कक्षा चढाइने प्रकृयाका रूपमा उदार कक्षोन्नतिलाई शिक्षक र प्र.अ.हरूले लिएको पाइयो । शिक्षकहरूभन्दा प्र.अ.हरूमा उदार कक्षोन्नति सम्बन्धी राम्रो धारणा भएको पाइयो । अभिभावकहरूमा भने परीक्षा नलिइकन कक्षा चढाइने प्रकृयाका रूपमा उदार कक्षोन्नति हो भन्ने धारणा पाइयो । अभिभावकहरू भने यस प्रकृयामा पूर्ण सहमत हुन नसकेको धारणा पाइयो ।

### ४.१.३ उदार कक्षोन्नतिका लागि आवश्यक तयारीको अवस्था विश्लेषण

निरन्तर मूल्याङ्कन प्रणालीबाट उदार कक्षोन्नति गर्ने सन्दर्भमा हालसाल मात्र विद्यालय क्षेत्र सुधार कार्यक्रम मार्फत शिक्षकको पेसागत विकास तालिम कार्यक्रम सुरु गरिएकोले उक्त तालिम दिन ढिलो भइसकेको र उक्त तालिमको कार्यान्वयन पक्षको प्रभाव सुरु नभएको पाइयो । पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रवोधिकरण सामग्रीमा निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नति तथा कार्य सञ्चयिकाका दुई वटा कक्षाहरू सञ्चालन गरिने उल्लेख भएता पनि उक्त कार्यहरू सम्पन्न भएको पाइएन ।

अध्ययनमा परेका विद्यालयका शिक्षक तथा प्र.अ.हरूले निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतिमा निम्न अनुसारका तयारी र कार्यहरू भएको धारणा राखे :

(क) शिक्षकहरूको अवधारणा विश्लेषण

शिक्षकहरूले मूल्याङ्कन र उदार कक्षोन्नतिका लागि छुट्टै तालिम नलिएको तर १० महिने तालिम आधारभूत शिक्षक तालिम, दुर शिक्षा तालिम, शिक्षकको पेशागत विकास

तालिम लिएर र यिनैबाट निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नतिका बारेमा जानकारी पाएको बताए । शिक्षकको पेशागत विकास तालिममा यस विषयमा जानकारी प्राप्त भए पनि यसको कार्यान्वयन यस शैक्षिक सत्रबाट मात्र यसको प्रयोग प्रभावकारी रूपमा हुने विश्वास प्रस्तुत गरेका थिए । ५ जना शिक्षकहरूले त प्र.अ.हरूले अह्राए अनुसार निरन्तर मूल्याङ्कनको औपचारिकता मात्र निर्वाह गरेको बताएका थिए ।

उनीहरूका विचारमा प्राथमिक तहमा अध्यापन र शिक्षकहरूलाई लागू भएका मीतिमा नै शैक्षिक सत्रको सुरुमै निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नति तालिम दिनु पर्नेमा २०५७ मा मात्र शिक्षकको पेशागत विकास तालिम मार्फत निरन्तर विद्यार्थी मूल्याङ्कन उदार कक्षोन्नति र विद्यार्थीको कार्य सञ्चयिका निर्माण सम्बन्धी अल्पकालिन तालिम दिइएकोले यस कार्यमा अझ पनि दुविधा रहेको अनुभव प्रस्तुत गरे । अल्पकालिन तालिमको भरमा निरन्तर विद्यार्थी मूल्याङ्कनमा समस्या रहेकोले पर्याप्त तालिम दिनुपर्ने धारणा प्राप्त गरियो ।

ख) प्र.अ.हरूको अवधारणा विश्लेषण

अध्ययन क्षेत्रमा परेका विद्यालयका प्र.अ.हरूले पनि छुट्टै निरन्तर मूल्याङ्कन प्रणाली र उदार कक्षोन्नति सम्बन्धी तालिममा सहभागी नभएको र प्र.अ. व्यवस्थापन तालिम आधारभूत १० महिने तालिम दुर शिक्षा तथा शिक्षकको पेसागत तालिमबाट यस विषयमा सामान्य जानकारी रहेको र प्राथमिक पाठ्यक्रम २०६२ अनुसार यस विषयमा आफूले खोजी गरेको अनुभव प्रस्तुत गरे । त्यसै अनुरुप विद्यालयमा उदार कक्षोन्नति कार्यान्वयन भइरहेको र शिक्षकलाई मूल्याङ्कन गर्न सहजिकरण गर्ने गरेको बताए । ६ जना प्र.अ.हरूका विचारमा सबै अभिभावक र केही शिक्षकहरूमा परीक्षालाई नै मूल्याङ्कनको आधिकारीक साधन मान्ने पुरानो धारणा कायम रहेको र माथिल्ला कक्षाहरूमा निरन्तर मूल्याङ्कन नगरिने हुँदा धेरै अन्यौलहरू शिक्षक र अभिभावकमा समेत रहेको हुँदा शिक्षक र प्र.अ.का लागि २ हप्ता सम्मको तालिम र अभिभावकहरूलाई २ दिनको जानकारी गोष्ठी गरिनुपर्ने धारणा प्रस्तुत गरे ।

सबैजसो शिक्षकहरूले उदार कक्षोन्नतिका लागि छुट्टै तालिम लिएको पाइएन । स्वअध्ययन । प्र.अ.को निर्देशनबाट कक्षोन्नति गर्ने गरेको धारणा पाइयो ।

प्र.अ.हरूले पनि यस विषयमा आंशिक धारणा तत्काल भएको TPD तालिमबाट प्राप्त गरेको तर यस सम्बन्धी पूर्ण जानकारी पश्चात् कार्यान्वयन गर्न छुट्टै तालिमको आवश्यकता भएको राय प्रस्तुत गरेका थिए ।

उल्लेखित तथ्यहरू र प्र.अ. तथा शिक्षकहरूको धारणा अनुसार निरन्तर मूल्याङ्कनबाट उदार कक्षोन्नति गर्न यस सम्बन्धी अल्पकालिन तालिम छलफल वा गोष्ठीको आयोजना गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ४.१.४ उदार कक्षोन्नतिको सकारात्मक प्रभावहरू

हाम्रा विद्यालयहरूका प्राथमिक तहका विद्यार्थीहरूका लागि आवधिक परीक्षाबाट उत्तीर्ण र अनुत्तीर्ण घोषणा गर्दा कक्षा छोड्ने दरमा वृद्धि भइरहेको र विद्यालय प्रतिको बालबालिकाको धारणा नकारात्मक बनेको अवस्थामा परीक्षाका कमी कमजोरीलाई सुधार गर्न निरन्तर मूल्याङ्कनबाट उदार कक्षोन्नति गर्दा विद्यार्थीको विद्यालय छोड्ने दरमा कमी आएको, गुणात्मक प्राथमिक शिक्षा दिन सकेको, राज्यको ठूलो लगानी खेर जान नपाएको आदि जस्ता सकारात्मक पक्षहरू हुन् । नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्रले निरन्तर मूल्याङ्कनबाट उदार कक्षोन्नति गर्दा विद्यार्थी केन्द्रित र प्रभावकारी शिक्षण सिकाइ हुने, विद्यार्थी नियमित विद्यालयमा उपस्थित हुने, बीचैमा विद्यालय छाड्ने र कक्षो दोहोऱ्याउने दर न्यून हुने तथा विद्यार्थी परीक्षाको त्रास बाट मुक्त हुने जस्ता सकारात्मक पक्षहरूको बारेमा उल्लेख गरेको छ । पाठ्यक्रमले उल्लेख गरेका यी सकारात्मक पक्षहरूमा प्र.अ.तथा शिक्षकहरूको धारणा निम्न अनुसार रहेको पाइयो ।

क) शिक्षक तथा प्र.अ.को अवधारणा विश्लेषण

अध्ययन क्षेत्रमा परेका ८ विद्यालयका १६ जना शिक्षकहरू र ८ जना प्र.अ.हरूले उल्लेखित पक्षमा जनाएको सहमति र त्यसको प्रतिशतलाई निम्न तालिकामा उल्लेख गरिएको छ :

तालिका नं. ४

पाठ्यक्रमले तोकेको सकारात्मक पक्षमा सहमत शिक्षक तथा प्र.अ. विवरण

| क.स. | पाठ्यक्रमले तोकेको उदार कक्षोन्नतिका सकारात्मक पक्ष | सहमत शिक्षक सङ्ख्या | सहमत प्र.अ. | जम्मा |
|---|---|---|---|---|
| १ | विद्यार्थी केन्द्रीत र प्रभावकारी सिकाइ हुने | ९ (५६.२५) | ७ (८७.५) | १६ |
| २ | विद्यालयमा विद्यार्थी नियमित उपस्थित हुने | १० (६२.५) | ६ (७५) | १६ |
| ३ | कक्षा दोहोऱ्याउने र बीचैमा विद्यालय छोड्ने दर न्यून हुने | ११ (६८.७५) | ८ (१००) | १९ |
| ४ | विद्यार्थीलाई परीक्षाको सन्त्रास नहुने | १३ (८१) | ८ (१००) | २१ |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

नोट : कोष्ठमा दिइएको सङ्ख्याले प्रतिशतलाई जनाइएको छ ।

उल्लेखित तालिकाले देखाए अनुसार उदार कक्षोन्नतिका सकारात्मक पक्षहरूको सम्बन्धमा १६ जना शिक्षकहरूमध्ये ९ जना अर्थात ५६.२५% विद्यार्थी केन्द्रित र प्रभावकारी सिकाइ हुने पक्षमा सहमत देखियो । विद्यालयमा विद्यार्थी नियमित उपस्थित हुने पक्षमा १० जना अर्थात् ६२.५ प्रतिशत रहेका छन् । कक्षा दोहोऱ्याउने र बीचमा विद्यालय छोड्ने दर न्यून हुने कुरामा ११ जना अर्थात् ६८.७५ प्रतिशत र विद्यार्थीलाई परीक्षाको सन्त्रास नहुने पक्षमा १३ जना अर्थात् ८१% शिक्षकहरू रहेको पाइयो । यो सबैभन्दा धेरै प्रतिशत हो ।

उल्लेखित तालिकाका आधारमा हेर्दा ७ जना वा ८७.५% प्र.अ.हरू प्रभावकारी र विद्यार्थी केन्द्रित शिक्षण हुने पक्षमा रहेका पाइयो । ६ जना अर्थात् ७५% प्र.अ.हरू विद्यार्थीहरू नियमित विद्यालयमा उपस्थित हुने पक्षमा रहेको पाइयो । यो सबभन्दा कम प्रतिशत हो । ८ जनामा आठै जना प्र.अ.हरू कक्षा दोहोऱ्याउने र विद्यालय छोड्ने तथा विद्यार्थीलाई परीक्षा सन्त्रास बाट मुक्त हुने पक्षमा सहमत भएको पाइयो । यो दुवै सबैभन्दा बढी प्रतिशत हो । तालिका नं. लाई विश्लेषण गर्दा शिक्षकहरू भन्दा प्र.अ.हरू बढी सकारात्मक पक्षमा रहेका पाइयो । जस्तै प्रभावकारी सिकाइमा प्र.अ.हरू ८७.५% छन् भने शिक्षकहरू ५६.२६% मात्र पाइयो । विद्यालयमा विद्यार्थी नियमित उपस्थित हुनेमा शिक्षक

६२.५% छन् भने प्र.अ.हरूमा ७५ प्रतिशत रहेको पाइयो । परीक्षा सन्त्रासबाट विद्यार्थी मुक्त हुने पक्षमा शिक्षक ८१% छन् भने प्र.अ.हरू १००% नै रहेको पाइयो ।

### ४.१.५ उदार कक्षोन्नति सम्बन्धी नीति नियम र यसको पर्याप्तता र उपयुक्तता विश्लेषण

विद्यालयमा उपस्थितिमा नियमितता र प्राथमिक तह पूरा गर्न सुनिश्चित गर्नका लागि सामुदायिक जागरण कार्यक्रम, बाल मैत्री शैक्षिक वातावरण, गरिब अभिभावकका लागि आय आर्जन गर्ने कार्यक्रम, कोष वृद्धि तथा निरन्तर मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन जस्ता प्रमुख रणनीतिहरू तय गरी लागू गर्नुपर्ने कुरा शिक्षा विभागद्वारा तय गरिएको विद्यालयको शिक्षा प्रणालीको अध्ययन सञ्चालन २०६२/०६३ मा उल्लेख गरिएको छ । नीतिगत रूपमा उदार कक्षोन्नति प्रकृयामा निरन्तर विद्यार्थीको मूल्याङ्कनको प्रयोगलाई जोड दिएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कनको मूल उद्देश्य कक्षा शिक्षणका साथसाथै विद्यार्थीहरूको सिकाइको स्तर पत्ता लगाइ कम सिकेका विद्यार्थीहरूका लागि सुधारात्मक शिक्षण वा व्यक्तिगत रूपमा विशेष ध्यान पुर्‍याइ सिक्न प्रोत्साहित गर्नु हो । यसलाई अनुसूचीमा उल्लेख गरे अनुसारका फारममा तोकिएका मापदण्डका आधारमा मूल्याङ्कन गरी कक्षोन्नति गर्ने व्यवस्था छ ।

उदार कक्षोन्नति सम्बन्धी नीति नियम र यिनीहरूको उपयुक्तता र पर्याप्तता सम्बन्धमा प्र.अ. तथा शिक्षककहरूको धारणा निम्न अनुसार रहेको पाइयो ।

क) शिक्षककहरूको अवधारणा विश्लेषण

निरन्तर विद्यार्थी मूल्याङ्कनबाट उदार कक्षोन्नति गर्न सकिने प्रकृयामा प्रायः उसबै (१५) शिक्षककहरू जानकार भएको पाइएता पनि निरन्तर मूल्याङ्कनको प्रयोग र यसलाई व्यवहारिक बनाउने उपायहरूको नीतिगत अवस्थाका बारेमा पूर्ण जानकारी नरहेको पाइयो । हालसालमात्र TPD तालिममा केही नीतिगत जानकारी गराइएता पनि पूर्ण जानकारीको अभाव नै रहेको छ । फारमहरूको अवलोकन, प्र.अ.को परामर्शबाट मूल्याङ्कन गरिएको धारणा उनीहरूमा पाइयो । अझ पनि उनीहरूमा नीति नियमहरूको पर्याप्तता र उपयुक्तता बारे खासै धारणा बनाउन सकेको पाइएन । मैवाखोला उ.मा.वि.का एक शिक्षकका अनुसार “विद्यार्थी केन्द्रित र प्रयोगात्मक विधिहरूको प्रयोगबाट शिक्षण गरी निरन्तर मूल्याङ्कनबाट कक्षा उकास्नु भएको मुल नीति हो ।” यी नीति नियमहरूलाई पूर्ण रूपमा पालना गर्न र उपयुक्त हुने सबै पक्षको सहयोग आवश्यक रहेको तथा विद्यालयले

उचित व्यवस्थापन र शैक्षिक सामग्री व्यवस्थापन गर्नु पर्दछ । जालपादेवी प्रा.वि.का एक शिक्षकका अनुसार विद्यार्थी केन्द्रित विधिबाट शिक्षण गरी निरन्तर मूल्याङ्कन प्रणाली अपनाउनु उदार कक्षोन्नतिको मूल नीति हो । यो प्रक्रिया अपनाउँदा विद्यार्थीले सुनेको, देखेको र गरेर सिक्ने अवसरको मूल्याङ्कन शिक्षकले अवलोकनबाट गर्ने भएकोले उपयुक्त र पर्याप्त छ ।

ख) प्र.अ.हरूको अवधारणा विश्लेषण

सबै ८ जना प्र.अ.हरूमा उदार कक्षोन्नति सम्बन्धी नीति नियम र पर्याप्तताका बारेमा एउटै धारणा पाइयो । उनीहरूको विचारमा उदार कक्षोन्नति र निरन्तर मूल्याङ्कन प्रणाली एक अर्कामा परिपुरक छन् । निरन्तर मूल्याङ्कन प्रणालीकै कार्य विधि उदार कक्षोन्नतिको मूल नीति हो । निरन्तर मूल्याङ्कन प्रणाली भित्र विद्यार्थीका कठिनाइलाई दैनिक रूपमा सुधार गरेर पाठ्यक्रमले राखेका उद्देश्य पूर्णरूपमा प्राप्त गर्न सकिन्छ । विद्यार्थी केन्द्रित विधिहरू प्रयोग गरेर शिक्षण सिकाई क्रियाकलाप गरिने भएकोले पूर्ण रूपमा कार्यन्वयन तहमा उतार्न सके नीति नियमहरू पर्याप्त र उपयुक्त रहेको उनीहरूको विचार थियो ।

माथि उल्लेखित आधारमा हेर्दा निरन्तर मूल्याङ्कन प्रणाली नै उदार कक्षोन्नतिको मूल नीति हो । निरन्तर मूल्याङ्कन प्रणालीमा विद्यार्थी केन्द्रीत र प्रयोगात्मक शिक्षण सिकाइ हुने तथा कमजोर विद्यार्थीले सिकने अवसर बढी पाउने भएकोले निरन्तर मूल्याङ्कन प्रणालीको नीति पर्याप्त र उपयुक्त रहेको पाइयो । १४ जना शिक्षकहरूले फारम अवलोकन र प्र.अ.को परामर्शबाट निरन्तर मूल्याङ्कन गरिने हुँदा नीति नियम र उपयुक्तता बारे विरोधाभास पूर्ण धारणा रहेको विचार व्यक्त गरे ।

सबै प्र.अ. हरूले शिक्षकहरूले जस्तै निरन्तर मूल्याङ्कन प्रणालीको कार्यविधिलाई नै उदार कक्षोन्नतिको मूल नीतिको रूपमा लिएको पाइयो । उनीहरूको विचारमा विद्यार्थी केन्द्रित विधिको प्रयोग, विद्यार्थीको नियमित मूल्याङ्कन र कमजोर विद्यार्थीलाई सिक्ने थप अवसर दिइने हुँदा नीति नियमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने धारणा राखेका थिए । समग्रमा उदार कक्षोन्नतिको नीति नियमका रूपमा सबै शिक्षक र प्र.अ.हरूले निरनतर मूल्याङ्कन प्रणालीको कार्यविधिलाई नै मानेको पाइयो । निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिए उपयुक्त र पर्याप्त रूपमा उदार कक्षोन्नति हुने कुरामा सहमति प्रस्तुत गरे ।

### ४.२ उदार कक्षोन्नति मूल्याङ्कन कार्यान्वयनको अवस्था विश्लेषण

यस अध्ययनमा छनोट भएका विद्यालयका प्र.अ., शिक्षक र अभिलेखहरूबाट प्राप्त सूचनाका आधारमा उदार कक्षोन्नति मूल्याङ्कन कार्यान्वयनको अवस्थाका बारेमा निम्न शीर्षकमा विश्लेषण गरिएको छ :

क) उदार कक्षोन्नतिका लागि निरन्तर मूल्याङ्कनका आधार र प्रयोगको अवस्था,

ख) विद्यार्थीको कार्यसञ्चयिका वा प्रगति विवरण निर्माण र प्रयोगको अवस्था

ग) सिकाइमा स्तर वृद्धि गर्न उपनाइएका सुधारका उपायहरूको अवस्था

घ) उदार कक्षोन्नतिका आधार, मापदण्डको प्रयोग र यसको अभिलेखीकरण,

ङ) उदार कक्षोन्नतिमा विद्यार्थीको श्रेणी विभाजन तथा कक्षा चढाउने व्यवस्था ।

विद्यार्थीलाई शिक्षा दिनुको अर्थ उनीहरूलाई पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गराउनु हो । निर्माणात्मक मूल्याङ्कनको मूल उद्देश्य विद्यार्थीमा प्रभावकारी रूपमा शिक्षण सिकाइ गरेर पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि पुरा गराउने नै हो । यस कार्यका लागि निरन्तर मूल्याङ्कन प्रणाली अपनाउनु पर्दछ । यसै मान्यता अनुसार परिमार्जित पाठ्यक्रम २०६२ ले कक्षा १-३ सम्म उदार कक्षोन्नति गर्नु विद्यार्थीको प्रगति अभिलेखन राख्ने, पुरानो अङ्क अभिलेखनको सट्टा विद्यार्थीका क्रियाकलापहरू जस्तै : कक्षा कार्य, गृहकार्य, चालचलन, परियोजना कार्य, अनौपचारिक लिखित परीक्षाका आधारमा अभिलेख खडा गर्ने पद्धतिको सुझाव गरेको छ । जस अनुसार विद्यालय तहमा उदार कक्षोन्नति मूल्याङ्कनको कार्यान्वयनको अवस्था बारे विश्लेषण गरिएको छ ।

#### ४.२.१ उदार कक्षोन्नतिका लागि निरन्तर मूल्याङ्कनका आधार र प्रयोगका अवस्था विश्लेषण

पाठ्यक्रमले उल्लेख गरेअनुसार निरन्तर मूल्याङ्कन प्रणालीका आधारहरू कक्षा कार्य/गृहकार्य, परियोजना कार्य, व्यवहार परिवर्तन सिर्जनात्मक कार्य र हाजिरीलाई बनाउनु पर्दछ । पाठगत रूपमा सिकेका कुरालाई मूल्याङ्कन गर्दा पाठ्यक्रम निर्दिष्ट गरेका सिकाय उपलब्धिहरू पूरा भए नभएकोसँग सान्दर्भिक भएर हेर्नु पर्ने कुरा प्राथमिक पाठ्यक्रममा

उल्लेख छ। अध्ययन क्षेत्रमा परेका शिक्षकहरूले यी आधारहरूलाई कसरी प्रयोग गरेका छन् यसबारे निम्न तथ्यहरू पाइयो :

अध्ययनमा संलग्न ८ विद्यालयका १६ जना शिक्षकहरूले पाठ्यक्रममा उल्लेख भएका ५ वटा मापदण्डहरूलाई मूल्याङ्कनका निम्नअनुसारका आधार बनाएको पाइयो :

तालिका नं. ५

पाठ्यक्रमले तोकेको मापदण्ड प्रयोगको अवस्था

| क.सं. | आधार वा मापदण्ड | प्रयोग गर्ने शिक्षक सङ्ख्या | प्रयोग नगर्ने शिक्षक सङ्ख्या |
|---|---|---|---|
| १ | कक्षाकार्य गृहकार्य | १२ (७५) | ४ (२५) |
| २ | परियोजना कार्य | १० (६२.५) | ६ (३७.५) |
| ३ | व्यवहार परिवर्तन | ९ (५६.२५) | ७ (४३.७५) |
| ४ | सिर्जनात्मक कार्य | ११ (६८.७५) | ५ (३१.२५) |
| ५ | हाजिरी | १५ (९३.७५) | १ (६.२५) |


स्रोत : स्थलगत अध्ययन, २०६८।

नोट : कोष्ठमा दिइएको सङ्ख्याले प्रतिशतलाई जनाइएको छ।

माथिको तालिकामा उल्लेख गरिएका आधार प्रयोग गर्ने र नगर्ने शिक्षक सङ्ख्यालाई निम्न स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ :

चित्र नं. २

पाठ्यक्रमले तोकेको मापदण्ड प्रयोगको अवस्था



माथिको तालिकाका आधारमा हेर्दा कक्षा कार्यलाई निरन्तर मूल्याङ्कन प्रयोग गर्ने शिक्षक १५ जना र प्रयोग नगर्ने शिक्षक ४ जना रहेका थिए । परियोजना कार्यलाई १० जनाले प्रयोग गर्ने गरेका थिए भने ६ जनाले प्रयोग गर्ने गरेका थिएनन् । व्यवहार परिवर्तनलाई अवलोकन गरी मूल्याङ्कन गर्ने शिक्षक ७ जना पाइयो । सिर्जनात्मक कर्याको पहिचान गरी मूल्याङ्कन गर्ने शिक्षक ११ र परियोजना कार्यलाई मापदण्ड नबनाउने शिक्षक ५ जना थिए । हाजिरीलाई आधार मानी १५ जनाले मूल्याङ्कन गरेको पाइयो । यो सबैभन्दा बढी मापदण्डको अङ्क हो । हाजिरीलाई मूल्याङ्कनको आधार नबनाउने १ जना थिए ।

उल्लेखित तथ्याङ्कलाई विश्लेषण गर्दा पाठ्यक्रमले निर्दिष्ट गरेका मापदण्डलाई पूर्ण रूपमा प्रयोग गर्ने गरेको पाइँदैन । यस विषयमा प्र.अ.हरूको राय बुझ्दा उल्लेखित मापदण्डलाई व्यवहारिक प्रयोग गर्ने सीपको अभावमा शिक्षकहरूले पूर्णरूपमा प्रयोग नगरेको राय व्यक्त गरे । तर अध्ययनको क्रममा अभिलेखनमा भने सबै शिक्षकहरूले मापदण्डहरूमा रेजा प्रयोग गरेको पाइयो । यस सम्बन्धमा छलफल गर्दा पाठ्यक्रमले तोके अनुसारको अभिलेख विद्यालयमा रेकर्डको रूपमा राख्न आवश्यक भएकोले अनौपचारिक रूपमा लिखित परीक्षालाई आधार बनाइ कतिपय मापदण्डमा रेजा प्रयोग गरेको तथ्य अध्ययनको क्रममा पत्ता लागेको थियो ।

### ४.२.२ विद्यार्थीको कार्यसञ्चयीका वा प्रगति विवरणको निर्माण र प्रयोग अवस्था

परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले निरन्तर मूल्याङ्कन प्रणालीमा उल्लेखित ५ वटा मापदण्डका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने र पाठगत उपलब्धिका आधारमा उत्तम विद्यार्थीलाई ३ वटा रेजा (✓✓✓), मध्यम विद्यार्थीलाई दुईवटा रेजा (✓✓), सिकाइ उपलब्धि कम भएकालाई  एउटा रेजा (✓) दिएर मूल्याङ्कनको अभिलेख राख्ने व्यवस्था गरिएको छ । विद्यार्थीको प्रगति अभिलेख राख्न हरेक कक्षाको विषयगत फायल राखिनुका साथै प्रत्येक विद्यार्थीको छुट्टा छुट्टै व्यक्तिगत फायल खडा गर्नुपर्ने व्यवस्था छ । यसलाई कार्य सञ्चयीका भनिन्छ । यस आधारमा विद्यार्थीलाई उदार कक्षोन्नति गर्न सकिने पाठ्यक्रममा उल्लेख छ । अधययन क्षेत्रका विद्यालयका शिक्षकहरूको कार्य सञ्चयीका निर्माण र प्रयोगको अवस्थालाई निम्न शीर्षकहरूमा विश्लेषण गरिएको छ :

क) मूल्याङ्कनमा कार्य सञ्चयीकाको निर्माण र प्रयोग

अध्ययन क्षेत्रका ८ वटा विद्यालयका १६ जना शिक्षकहरूले कार्य सञ्चयिका निर्माण र प्रयोग गर्ने नगर्ने तथ्यलाई निम्न तालिकामा देखाइएको छ :

तालिका नं. ६

कार्य सञ्चयीका निर्माण र प्रयोगको अवस्था

| का.स.निर्माण/ प्रयोग गर्ने शिक्षक सङ्ख्या | का.स.निर्माण/ प्रयोग नगर्ने शिक्षक सङ्ख्या |
|---|---|
| १३ (८१.२५) | ३ (१८.७५) |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

नोट : कोष्ठमा दिएको सङ्ख्याले प्रतिशत जनाउँछ ।

उक्त तालिकालाई अध्ययन गर्दा प्रायः सबै शिक्षकहरूले (८१.२५%) मूल्याङ्कन प्रक्रियामा कार्य सञ्चयीका बनाइ प्रयोग गर्ने गरेको पाइयो भने (१८.७५%) शिक्षकहरूले कार्य सञ्चयीका बनाउने गरिएको पाइएन । कार्य सञ्चयीका तयार गर्ने शिक्षकहरूले पनि पूर्ण रूपमा पाठ्यक्रम बमोजिमको कार्य सञ्चयिका निर्माण नगरेको पाइयो ।

ख) कार्य सञ्चयीकामा समेटिने पक्षहरू

परिमार्जित प्राथमिक पाठ्यक्रम २०६२ ले कार्य सञ्चयीकामा निरन्तर मूल्याङ्कनबाट प्राप्त विषयगत उपलब्धि विद्यार्थी हाजिरी, विद्यार्थीको सामाजिक, आर्थिक, पारिवारीक विवरण, अभिभावकबाट लिएका सुझावहरू, कक्षा सहभागिता, गृहकार्य/कक्षाकार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, अतिरिक्त क्रियाकलापमा सहभागिता आदि पक्षहरू समेट्नु पर्ने उल्लेख छ । कार्य सञ्चयीकामा यी पक्षहरूको प्रयोगको अवस्थालाई प्रस्तुत तालिकाम राखिएको छ :

तालिका नं. ७

पाठ्यक्रमले तोकेको कार्य सञ्चयीकामा समेटिने पक्षहरूको प्रयोगको अवस्था

| क.सं. | समेट्नु पर्ने पक्षहरू | प्रयोग गर्ने शिक्षक | प्रयोग नगर्ने शिक्षक |
|---|---|---|---|
| 1 | लिखित तथा मौखिक परीक्षाको विषयगत उपलब्धि स्तर | 9 -56=25_ | 7 -43=75_ |
| 2 | निरन्तर मूल्याङ्कनबाट प्राप्त विषयगत उपलब्धि | 14 -87=5_ | 2 -12=5_ |
| 3 | विद्यार्थी हाजिरी | 15 -93=75_ | 1 -6=25_ |
| 4 | विद्यार्थीको सामाजिक आर्थिक र पारिवारीक विवरण | 3 -18=75_ | 13 -81=25_ |
| 5 | अभिभावकबाट लिएका सुझाव | 2 -12=5_ | 14 -87=5_ |
| 6 | कक्षा सहभागिता | 12 -75_ | 4 -25_ |
| 7 | कक्षाकार्य/गृहकार्य | 12 -75_ | 4 -25_ |
| 8 | व्यवहार परिवर्तन | 9 -56=25_ | 7 -43=75_ |
| 9 | सिर्जनात्मक कार्य | 11 -68=75_ | 5 -31=25_ |
| 10 | अतिरिक्त कृयाकलापमा सहभागिता | 8 -50_ | 8 -50_ |

;|f]t M :ynut cWoog, 2068 .

नोट : कोष्ठमा दिएको सङ्ख्याले प्रतिशतलाई जनाउँछ ।

उल्लेखित तालिकालाई आधार मानेर विश्लेषण गर्दा निरन्तर मूल्याङ्कन प्रणालीका आधार वा मापदण्डलाई पनि कार्य सञ्चयीकामा भएकै प्रतिशत मापदण्डको रूपमा समेटेको पाइयो । यस अतिरिक्त अन्यपक्षको विश्लेषण गर्दा लिखित तथा मौखिक परीक्षाको विषयगत उपलब्धि स्तर ९ ज ना अर्थात् ५६.२५% ले प्रयोग गरेको पाइयो भने ७ ज ना अर्थात् ४३.७५ % ले प्रयोग नगरेको पाइयो । निरन्तर मूल्याङ्कनबाट प्राप्त उपलब्धि कार्य सञ्चयिकामा १४ जना अर्थात् ८७.५% ले समेटेका थिए भने २ जना अर्थात् १२.५% ले समावेश नगरेको पाइयो । विद्यार्थीहरूको सामाजिक र पारिवारिक विवरण ३ (१८.७५) जनाले मात्र प्रयोग गरेका थिए भने १३ (८१.२५) जनाले समावेस गरेको पाइएन ।

अभिभावकबाट लिएको सुझावलाई हेर्दा २ (१२.५) जनाले मात्र प्रयोग गरेको पाइयो यो सबैभन्दा थोरै जनाले प्रयोग गरेको पक्ष हो । यसमा प्रयोग नगर्ने १४ (८७.५) रहेको थियो । अतिरिक्त क्रियाकलापलाई कार्य सञ्चलिकामा समेट्ने र नसमेट्ने ८ (५०) जना थिए ।

कार्य सञ्चयिका बनाउँदा पाठ्यक्रममा उल्लेख भएका सबै पक्षहरूलाई देखावटी रूपमा लेखेता पनि व्यवहारिक रूपमा उक्त पक्षहरूलाई पूर्ण रूपमा नसमेटेको पाइयो । यस विषयमा प्र.अ.हरूसँग छलफल गर्दा पाठ्यक्रमले सिफारिस गरेका सञ्चयिकामा समेट्ने पर्ने पक्षहरूमध्ये केही पक्षहरूलाई शिक्षकको प्रयासबाट मात्र सञ्चयिकामा समेट्न सम्भव नभएको धारणा राख्नुभयो । शिक्षकको प्रयासबाट मात्र सबै पक्ष समेट्न नसक्ने हुँदा विद्यालय प्रसासन, विद्यालय व्यवस्थापन समिति, स्रोत शिक्षक, अगुवा शिक्षकहरू र समुदायको समेत सकारात्मक सहयोगको आवश्यकता हुने देखियो । जुन विद्यालयले धेरै पक्ष समेट्ने प्रयास गरेका छन्, तिनीहरूले पनि पाठ्यक्रमको वास्तविक मर्मलाई समेट्न सकेको पाइएन । विद्यार्थीको कार्य सञ्चयीका र प्रगति विवरणलाई व्यवस्थित गर्न विद्यालय र सम्बन्धित निकायबाट प्राविधिक सहयोग पुऱ्याउन आवश्यक देखियो ।

### ४.२.३ सिकाइमा स्तर वृद्धि गर्न अपनाइएका सुधारका उपायहरूको अवस्था विश्लेषण

आफ्ना विद्यार्थीहरूले प्रत्येक पाठबाट अपेक्षित सिकाइ उपलब्धि हाँसील गर्न नसकेको अवस्थामा शिक्षकहरूले अपनाउने गरेका सुधारका उपायहरूका सम्बन्धमा प्रचलित छ वटा तरिका र अन्य तरिकाहरू अपनाएको भए तिनीहरूको समेत यस सम्बन्धी तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको थियो ।

पाठ्यक्रमले निरन्तर मूल्याङ्कन प्रणालीमा अपेक्षित सिकाइ उपलब्धि हाँसिल गराउन कमजोर विद्यार्थीलाई छुट्टै समयमा छुट्टै कक्षाको व्यवस्था गर्न सकिने, कक्षा शिक्षणकै क्रममा बढी सिकाइ अवसर प्रदान गर्ने, विद्यार्थीहरू बीच अन्तरकृया गर्ने अवसर दिने, शिक्षण विधिमा परिवर्तन वा प्रभावकारी बनाउने तरिकाहरूबारे उल्लेख गरेको छ ।

अध्ययन क्षेत्रका आठ विद्यालयका सोह्र (१६) जना शिक्षकहरूले सिकाइको स्तर वृद्धि गर्न अपनाएका तरिकाहरूलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं.८

सिकाइ स्तर वृद्धि गर्न अपनाएका सुधारका उपायहरूको अवस्था

| क.सं. | सुधारका उपायहरू | प्रयोग गर्ने शिक्षक | प्रयोग नगर्ने शिक्षक |
|---|---|---|---|
| 1 | अभिभावलाई ट्युसनको व्यवस्था गर्न अनुरोध गर्ने । | 7 -43=75_ | 9 -56=25_ |
| 2 | छुट्टै समय र कमजोर विद्यार्थीलाई बढी अवसर दिने | 4 -25_ | 12 -75_ |
| 3 | अभिभावकलाई सिकाइ वातावरण राम्रो बनाउने सुझाव दिने | 11 -68=75_ | 5 -31=25_ |
| 4 | बालबालिकाहरू बीच सिकाइमा अन्तरक्रिया गर्न लगाएर | 10 -62=5_ | 6 -37=5_ |
| 5 | कक्षा समयमै कमजोर विद्यार्थीलाई बढी अवसर दिएर | 9 -56=25_ | 7 -43=75_ |
| 6 | शिक्षण विधि परिवर्तन गरेर | 8 -50_ | 8 -50_ |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

नोट : कोष्ठ भित्रको सङ्ख्याले प्रतिशतलाई जनाउँछ ।

माथि उल्लेखित तालिका अध्ययन गर्दा अभिभावकलाई ट्युसनको व्यवस्था अनुरोध गर्ने शिक्षक ७ जना र अनुरोध नगर्ने शिक्षक ९ जना पाइयो । छुट्टै समय र बढी सिकाइ अवसर दिने शिक्षक ४ जना र छुट्टै समय नदिने शिक्षक १२ जना देखियो । अभिभावकलाई विद्यार्थीको सिकाइ वातावरण राम्रो बनाइदिन अनुरोध गर्ने ११ जना र उक्त कार्य नगर्ने शिक्षक ५ जना रहेका थिए । बालबालिकाहरू बीच अन्तरक्रिया गर्न लगाउने शिक्षक १० जना र गर्न नलगाउने शिक्षकहरू ७ जना थिए । शिक्षण विधि परिवर्तन गरेर सिकाइ प्रभावकारी बनाउने र उक्त कार्य नगर्ने शिक्षकहरू ८ /८ जना थिए ।

विद्यार्थीको सिकाइ स्तर वृद्धि गर्न उल्लेखित तरिकाहरूका अतिरिक्त शिक्षकहरूले निम्न उपायहरू अपनाउने गरेको पाइयो । यस्ता उपायहरूमा विद्यालयमा नियमित आउन अनुरोध गर्ने विद्यार्थीलाई मनपर्ने कथा, नाच, गीत, कविता आदि सुनाउने गीत र कथा कथन विधिका रूपमा पाठलाई प्रस्तुत गर्ने ठूला मानिसहरूको उदाहरण दिएर सम्झाउने, राम्रो काम गर्ने विद्यार्थीहरूलाई स्यावासी र पुरस्कार दिने, बालबालिकाहरूलाई बढी प्यार र स्नेह दिने तरिकाहरू अपनाइएको पाइयो ।

## ४.२.४ उदार कक्षोन्नतिका आधार, मापदण्डहरूको प्रयोग र यसको अभिलेखिकरण विश्लेषण

पाठ्यक्रमले निरन्तर मूल्याङ्कन प्रणालीका पाँचवटा आधारहरूलाई नै उदार कक्षोन्नतिका आधार मानी विद्यार्थीहरूले सिकेका पाठगत कुराहरू र पाठ्यक्रमले निदिष्ट गरेका सिकाइ उपलब्धिहरू बीच तुलना गरेर हेर्नु पर्दछ । प्रत्येक पाठबाट विद्यार्थीहरूले प्राप्त गरेको उपलब्धिलाई निरन्तर विद्यार्थी मूल्याङ्कन फारम नं. अनुसार राख्ने गर्नु पर्दछ । निरन्तर विद्यार्थी मूल्याङ्कन तथा लिखित र मौखिक परीक्षा र अन्य पक्षबाट प्राप्त विद्यार्थीहरूको प्रगतिहरूलाई कार्य सञ्चयिकामा अध्यावधिक गर्नु पर्दछ ।

अध्ययन क्षेत्रका विद्यालय तथा शिक्षकहरूले उदार कक्षोन्नति मूल्याङ्कन गर्न तोकिएका मापदण्डको उपयोग र यसको अभिलेखिकरण बारे पाठ्यक्रम र कार्य सञ्चयिकाका फारमलाई आधार मानी विश्लेषण गरिएको छ ।

(क) उदार कक्षोन्नतिका लागि मूल्याङ्कनका आधार

अध्ययन क्षेत्रका आठवटा विद्यालयका सोह्र जना शिक्षकहरूले प्रयोग गर्ने गरेका आधार र विद्यालयमा प्राप्त अभिलेखका आधारमा विद्यार्थीको कार्य र उपलब्धि स्तर मापन गर्न प्रयोग गरिएका तरिकाहरूको अवस्था निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ९

उदार कक्षोन्नति गर्ने मापनका तरिकाहरूको प्रयोगको अवस्था

| क्र.सं. | मापनका तरिका | प्रयोग गर्ने शिक्षक | प्रयोग नगर्ने शिक्षक |
|---|---|---|---|
| 1 | lnlvt k/LIff | 8 -50_ | 8 -50_ |
| 2 | df}lvs k/LIff | 12 -75_ | 4 -25_ |
| 3 | sIffsfo{⁄u[xsfo{ | 10 -62=5_ | 6 -37=5_ |
| 4 | sIff ;xeflutf | 11 -68=72_ | 5 -31=25_ |
| 5 | Jojxf/df kl/jt{g | 10 -62=5_ | 6 -37=5_ |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

नोट : कोष्ठ भित्रको सङ्ख्याले प्रतिशतलाई जनाउँछ ।

उक्त तालिकालाई हेर्दा लिखित परीक्षालाई मूल्याङ्कनको आधार बनाउने ८ जना शिक्षकहरू थिए भने नबनाउने पनि त्यति नै सङ्ख्यामा पाइयो । प्रयोग गर्ने शिक्षकहरूले औपचारिक लिखित परीक्षाको पूर्ण रेकर्ड राख्ने गरेको पाइयो । त्यस्तै गरेर गृहकार्य/कक्षाकार्य र व्यवहार परिवर्तनलाई आधार बनाउने र नबनाउने शिक्षक १० जना र ६ जना रहेका थिए । मौखिक परीक्षालाई आधार मान्ने १२ जना र कक्षा सहभागितालाई आधार बनाउने शिक्षकहरू ११ जना पाइयो । प्रत्येक शिक्षकको हातमा पाठ्यक्रमले निर्दिष्ट गरेको फारम प्राप्त भएता पनि यसको कार्यान्वयन प्रभावकारी रूपमा प्रयोग भएको पाइएन ।

ख) कक्षोन्नतिका लागि कक्षा उकास्ने मापदण्डको प्रयोगको अवस्था

उदार कक्षोन्निति गर्न पाठ्यक्रमले माथिल्लो कक्षामा जाने उमेर पुगेको हुनुपर्ने, विद्यालय खुलेको ७०% दिन हाजिर भएको हुनुपर्ने र शैक्षिक सत्रको पहिलो ३ महिनामा नै कक्षामा विशिष्ट क्षमता प्रस्तुत गर्ने विद्यार्थीलाई सोही अवधि भित्र माथिल्लो कक्षामा लैजान सकिने तर त्यस अवधिभन्दा पछाडी कक्षा उकास्न नहुने मापदण्डहरू तयार गरेको छ । विद्यालयहरूमा मापदण्डहरूलाई आधार बनाई कार्यान्वयन गरेको पाइएन । कुनै कक्षामा भर्ना हुने उमेर पुगेका विद्यार्थीलाई कुनै मापदण्ड विना नै त्यस कक्षामा भर्ना गरिएको रेकर्ड पाइयो । पूर्ण मापदण्ड कार्यान्वयन नभएको अवस्था सबै ८ वटै विद्यालयहरूमा पाइयो । हाजिरी ७०% हुनुपर्नेमा १५ % हाजिर भएकालाई पनि कक्षा उकासिएको पाइयो । यस विषयमा प्र.अ.सँग राय बुझ्दा फेल गराउँदा पूरै विद्यालय नै नआउने र गरिबी र अभिभावकको चेतनाका कारण त्यसो गर्नु परेको धारणा व्यक्त गर्नुभएको थियो । ८ वटा मध्ये ६ वटा विद्यालयमा नै विद्यार्थी हाजिरी ज्यादै न्युन रहँदारहँदै पनि कक्षा उकासिएको पाइयो । पाठ्यक्रममा ४०% भन्दा कम श्रेणीमा रहेका विद्यार्थीलाई अभिभावकको परामर्शबाट सोही कक्षामा दोहोऱ्याउन सकिने उल्लेख भए पनि विद्यालयहरूले त्यसो गरेको पाइएन । शैक्षिक सत्रको ३ महिना भित्र विशिष्ट क्षमता प्रस्तुत गर्ने विद्यार्थीलाई कक्षा उकास्ने व्यवस्था भए पनि कुनै पनि विद्यालयमा यस्तो कार्य गरेको पाइएन ।

ग) उदार कक्षोन्नति मूल्याङ्कनमा अभिलेखिकरणको तरिका र प्रयोगको अवस्था

अध्ययन क्षेत्रका विद्यालयमा शिक्षकहरूले उदार कक्षोन्नति मूल्याङ्कनको प्रयोग कहिले कहिले गर्ने र त्यसलाई अभिलेखनका रूपमा कहिले र कसरी राख्ने गरिएको छ भन्ने

कुरालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ । ८ वटा विद्यालयका १६ जना शिक्षकहरूले उदार कक्षोन्नति प्रकृयामा मूल्याङ्कनको प्रयोग निम्न अवधिमा गरेको पाइयो :

तालिका नं. १०

शिक्षकले उदार कक्षोन्नति गर्नका लागि मूल्याङ्कन समय

| क्र.सं. | प्रयोग गर्ने समय | प्रयोग गर्ने शिक्षक |
|---|---|---|
| 1 | b}lgs रूkdf | 13 -81=25_ |
| 2 | kf&sf] ;dfKtL kl% | 14 -87=5_ |
| 3 | dfl;s रूkdf | 2 -12=5_ |
| 4 | q}dfl;s रूkdf | 16 -100_ |
| 5 | jflif{s रूkdf | 16 -100_ |


स्रोत : स्थलगत अध्ययन, २०६८ ।

नोट : कोष्ठ भित्रको सङ्ख्याले प्रतिशतलाई जनाउँछ ।

माथिको तथ्यलाई स्तम्भ चित्रमा प्रस्तुत गर्दा

चित्र नं. ३

शिक्षकले उदार कक्षोन्नति गर्नका लागि मूल्याङ्कन समय स्तम्भ चित्रमा




प्रस्तुत तालिकालाई हेर्दा १३ जना शिक्षकले दैनिक रूपमा मूल्याङ्कन गर्ने गरेको पाइयो । १४ जनाले पाठगत रूपमा, २ जनाले मासिक रूपमा, १६ जनाले त्रैमासिक र वार्षिक रूपमा मूल्याङ्कन गर्ने र रेकर्ड राख्ने गरेको पाइयो । सबै शिक्षकहरूले त्रैमासिक र

वार्षिक रूपमा मूल्याङ्कन गर्ने र रेकडिङ्ग गर्ने गरेको पाइयो । पाठ्यक्रमले एकाइ, त्रैमासिक र वार्षिक परीक्षाहरू सञ्चालन गर्न सकिने व्यवस्था गरे पनि मूल्याङ्कनको आधार बनाउनु पर्ने उल्लेख गरेको छैन । सबै विद्यालयहरूले परीक्षा लिए पनि कक्षा उकास्नमा त्यसको प्रयोग गरिएको पाइएन । परीक्षाको उत्तरपुस्तिका परीक्षणपश्चात् फिर्ता गरेर विद्यार्थीहरूलाई पृष्ठपोषण दिन सकिने भएता पनि त्यसो गरेको पाइएन । उल्लेखित रूपमा विद्यार्थीको मूल्याङ्कन गरे पनि अभिलेखिकरण गर्ने समय र शिक्षकको निम्न तालिका अनुसार मात्र गरेको पाइयो ।

तालिका नं. ११

निरन्तर मूल्याङ्कन अभिलेखिकरण समय तालिका


| क्र.सं. | प्रयोग गर्ने समय | प्रयोग गर्ने शिक्षक |
|---|---|---|
| 1 | b}lgs रूkdf dfq | 1 -6=25_ |
| 2 | kf&sf] ;dfKtL kl% dfq | 6 -37=5_ |
| 3 | dfl;s रूkdf dfq | 2 -12=5_ |
| 4 | q}dfl;s रूkdf dfq | 6 -37=5_ |
| 5 | jflif{s रूkdf dfq | 1 -6=25_ |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

उक्त तथ्यलाई वृत्त चित्रमा प्रस्तुत गर्दा

चित्र नं. ४

निरन्तर मूल्याङ्कन अभिलेखिकरण समय तालिका



माथिको तालिका र वृत्तचित्रलाई हेर्दा पाठगत रूपमा र त्रैमासिक रूपमा मात्र अभिलेख राख्ने शिक्षक सङ्ख्या ६/६ जना रहेको पाइयो भने दैनिक र वार्षिक रूपमा मात्र अभिलेख राख्ने शिक्षक सबैभन्दा कम २ जना मात्र पाइयो । जुन कोणगत रूपमा ३६० सँग तुलना गर्दा सबभन्दा बढी ६ जना भनेको १३५° र सबभन्दा कम १/१ जनाको कोण २२.५° हो । मासिक रूपमा मात्र अभिलेख राख्ने शिक्षक सङ्ख्या २ (१२.५) र कोण ४५° हो ।

माथि प्रस्तुत २ वटा तथ्याङ्कहरूलाई हेर्दा शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कन गरेता पनि त्यसको अभिलेख राख्ने कार्य पाठगत रूपमा र त्रैमासिक रूपमा बढी शिक्षकहरूले गर्ने गरेको देखिन्छ । दैनिक रूपमा मूल्याङ्कन गर्ने १३ जनामध्ये १ जनाले मात्र दैनिक अभिलेखन गरेको पाइन्छ । पाठगत रूपमा मूल्याङ्कन गर्ने १४ जना शिक्षकहरूमध्ये ६ जनाले मात्र पाठगत अभिलेख राख्ने गरेको पाइन्छ । यो १४ जना मध्ये ८ जनाले नियमित अभिलेख राख्ने गरेको पाइएन । मासिक रूपमा मात्र मूल्याङ्कन गर्ने २ जना शिक्षकहरूले मासिक रूपमा नै अभिलेख दुरुस्त राखेको पाइयो । विद्यार्थीहरूलाई स्तर उन्नति गर्न अभिलेख सधैँका लागि अभिलेखिकरण गर्ने प्रकृया विद्यालयहरूमा अनिवार्य गरिएको हुँदा सबै शिक्षकहरूले वार्षिक अभिलेख राखेको देखियो तर वार्षिक रूपमा मात्र अभिलेख राख्ने शिक्षक सङ्ख्या १ जना मात्र रहेको पाइयो । पाठ्यक्रमले उल्लेख गरेका ढाँचामध्ये फारम नं. १ सबैले प्रयोग गरेको पाइयो भने फारम नं. २ लाई आफ्नै ढाँचा दिएर प्रयोग गर्ने गरेको पाइयो ।

### ४.२.५ उदार कक्षोन्नतिमा विद्यार्थीहरूको श्रेणी विभाजनको आधार र यसको उपयुक्तता विश्लेषण

पाठ्यक्रम प्रवोधिकरण पुस्तिका ०६२, ०६३, ०६४ ले उदार कक्षोन्नतिका लागि कक्षा १, २ र ३ मा ५ वटा मापदण्डहरूमा अतिउत्तम, उत्तम र सामान्य वर्गमा छुट्याइएको छ । अति उत्तम वर्गमा पर्ने विद्यार्थीलाई ३ वटा रेजा, उत्तम वर्गमा पर्ने विद्यार्थीलाई २ वटा रेजा सामान्य वर्गमा पर्नेलाई एउटा रेजाले मूल्याङ्कनका फारममा सङ्केत गरिन्छ । त्यसपछि रेजा प्रतिशत निकाल्ने निम्न सूत्र प्रयोग गरिन्छ ।

$$\text{रेजा प्रतिशत} = \frac{\text{जम्मा रेजा सङ्ख्या}}{\text{पढाइ भएको पाठ सङ्ख्या} \times ३} \times १००$$

उक्त सूत्रका आधारमा प्राप्त प्रतिशतका आधारमा ७०% भन्दा बढी अङ्क ल्याउने विद्यार्थीलाई 'क' श्रेणीमा ४० देखि ७० प्रतिशतको बीचमा ल्याउने लाई 'ख' श्रेणीमा र ४०% भन्दा कम ल्याउनेलाई 'ग' श्रेणीमा राखिन्छ । सबै श्रेणी पाउने विद्यार्थीलाई अनिवार्य कक्षोन्नति गर्नुपर्छ । उल्लेखित श्रेणी विभाजनका प्रकृयाहरूलाई त्रैमासिक रूपमा गणना गरी अभिलेख राख्नुपर्ने र वार्षिक रूपमा औसत गणना गरी विद्यार्थीको श्रेणी छुट्याइन्छ ।

अध्ययन क्षेत्रमा परेका ७ वटा विद्यालयहरूले त्रैमासिक रूपमा अभिलेख गर्ने गरेता पनि त्रैमासिक रूपमा नै ५ वटा विद्यालयका शिक्षकहरूले मात्र श्रेणी विभाजन गर्ने गरेको पाइयो । एउटा विद्यालयमात्र लिखित र मौखिक परीक्षाका माध्यमबाट नै श्रेणी र प्राप्ताङ्क राखी कक्षा उकास्ने गरेको पाइयो । यसलाई निम्न तालिकाद्वारा प्रष्ट हुन्छ ।

तालिका नं. १२

श्रेणी विभाजनको तरिका र प्रयोगको अवस्था

| क.सं. | श्रेणी विभाजन तरिका | प्रयोग गर्ने शिक्षक सङ्ख्या |
|---|---|---|
| १ | पाठ्यक्रमले तोके अनुसार | १४ (८७.५) |
| २ | लिखित/मौखिक परीक्षा (पुरानै पद्धतिबाट) | २ (१२.५) |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

नोट : कोष्ठमा दिएको सङ्ख्याले प्रतिशतलाई जनाउँछ ।

श्रेणी विभाजन र कक्षा चढाउने सम्बन्धमा ८ जना शिक्षकहरू सन्तुष्ट पाइयो । उनीहरूका अभिव्यक्तिमा साना साना बालबालिकालाई अक्षरका रूपमा 'क', 'ख', 'ग' श्रेणीमा विभाजन गर्दा सकारात्मक पर्नुका साथै माथिल्लो कक्षामा श्रेणी अनुसारकै समूह बनाई सिकाइ गर्न सजिलो भएको पाइयो । उदार कक्षोन्नतिको लागि निरन्तर मूल्याङ्कन गर्दै गरेका र पुरानो पद्धति प्रयोग गर्ने ६ र २ जना शिक्षकहरू भने विद्यार्थीको वास्तविक क्षमता पहिचान गर्न नसकेको, व्यवहारिक रूपमा रेजा प्रयोग नभएको, सहीरूपमा श्रेणी विभाजन हुन नसकेको पक्षमा रहेको पाइयो । ४०% भन्दा कम अङ्क ल्याउने विद्यार्थीहरू पनि कक्षोन्नति हुने हुँदा एकै ठाउँमा राखेर सिकाइ गर्न कठिन हुने उनीहरूको राय थियो ।

समग्रमा हेर्दा व्यवहारिक रूपमा निरन्तर मूल्याङ्कन प्रणालीबाट उदार कक्षोन्नतिको मर्मलाई शिक्षकहरूले आत्मसात गर्न नसकेको पाइयो । यस सम्बन्धी आवश्यक तालिमको रहेको पाइयो ।

### ४.३ उदार कक्षोन्नति मूल्याङ्कन प्रकृयामा समस्याहरू

उदार कक्षोन्नति मूल्याङ्कन प्रकृयामा देखिएका समस्याहरूलाई शिक्षक, प्र.अ. र स्रोत व्यक्तिका आधारमा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

#### ४.३.१ शिक्षकले औँल्याएका समस्याहरू

- यस मूल्याङ्कन प्रकृयाका विषयमा प्रष्ट नहुनु,
- ग्रामिण र दुर्गम क्षेत्रमा खोज कार्य भएकोले विद्यार्थी विद्यालयमा नियमित उपस्थिति नहुने हुँदा हाजिरी, दैनिक र पाठगत मूल्याङ्कन र सुधारका उपाय अवलम्बन गर्न कठिन भएको,
- विद्यार्थी सक्रियता बढाई प्रतिस्पर्धात्मक भावनाको विकाश गर्ने र अन्तर्क्रियात्मक सिकाइ वातावरण विद्यालयमा नहुनु,
- परीक्षा नदिँदा पनि हुने हुँदा विद्यार्थीमा लापरवाही बढ्दै जानु,
- विद्यालयको भौतिक र व्यवस्थापकिय पक्ष कमजोर हुनु,
- पर्याप्त तालिम, गोष्ठी र निर्देशनको पूर्व तयारी नगरी मूल्याङ्कन प्रणाली लागू गरिनु,
- विद्यालयको कक्षा सङ्ख्याको आधारमा शिक्षक सङ्ख्या नहुनु,
- निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका पर्याप्त नहुनु,
- तोकिएका निरन्तर मूल्याङ्कन प्रणालीका मापदण्डहरूको प्रयोगमा कठिनाइ हुनु,
- विद्यार्थीमा बानीको विकास नहुँदा विद्यार्थी केन्द्रित शिक्षण हुन नसक्नु,

- बहुकक्षा शिक्षण गर्नुपर्ने विद्यालयहरूमा यो मूल्याङ्कन प्रणाली झन्झटिलो र कठीन हुनु,
- समयमा पाठ्यपुस्तक नपुग्नु,
- निरन्तरको बन्द र हड्तालका कारण निरन्तर मूल्याङ्कन गर्न समयको अभाव हुनु,
- अभिभावकहरू यस मूल्याङ्कन प्रणाली प्रति सकारात्मक बन्न नसक्नु,
- अनुकूल शिक्षण सिकाइ गर्न कक्षाकोठा र विद्यालय वातावरण नहुनु,
- पर्याप्त शैक्षिक सामग्री उपलब्ध नभई शिक्षण फिलतो हुनु,
- शिक्षकले गरेका कार्यहरूको स्रोत शिक्षक र जि.शि.का.बाट अनुगमन र मूल्याङ्कन नहुनु,
- मूल्याङ्कन कार्यका लागि जि.सि.का., स्रोतकेन्द्र र स्रोत शिक्षकबाट सहजिकरण, निर्देशन र परामर्श नगरिनु ।

### ४.३.२ प्र.अ.हरूले औंल्याएका समस्याहरू

प्र.अ.हरूबाट उदार कक्षोन्नतिका समस्याहरू निम्न अनुसार प्रस्तुत भएको थियो :

- यस सम्बन्धी पर्याप्त तालिम, सेमिनार नहुनु वा शिक्षकलाई प्रवोधिकरण गर्ने पर्याप्त सामग्री नहुनु,
- निरन्तर मूल्याङ्कनका मापदण्डहरूलाई विशिष्ट बनाई प्रयोग गर्ने सीप शिक्षकहरूमा नहुनु,
- यस मूल्याङ्कन प्रति शिक्षकहरूको धारणा सकारात्मक बन्न नसक्नु,
- MGT को समस्याले गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन जटिल र झन्झटिलो बन्नु,
- स्रोतकेन्द्र र जि.शि.का.बाट यस मूल्याङ्कनको विषयमा सहजिकरण नहुनु,
- मूल्याङ्कन प्रकृयाका बारेमा गहन खोज अनुसन्धान गरेको नपाइनु,
- विद्यार्थी, अभिभावक र शिक्षक समेत विद्यार्थी फेल हुँदैनन् भन्ने भावनाले सिकाइमा प्रभावकारीताको कमि हुनु,
- स्रोत शिक्षक, वि.नि. र जि.शि.का.बाट शिक्षालाई यो मूल्याङ्कन समग्र सिकाइ प्रकृया प्रति जवाफदेही बनाउन नसक्नु,

- विद्यार्थीको प्रगति विवरणमा अभिभावकले अङ्क नदेख्ने हुँदा अभिभावकमा चासो कम हुनु,
- विद्यालयको भौतिक तथा व्यवस्थापकिय पक्ष कमजोर हुनु ।

### ४.३.३ वि.नि. तथा स्रोत शिक्षकले देखाएका समस्या

वि.नि. र स्रोत शिक्षकले उदार कक्षोन्नतिमा निम्न अनुसार समस्याहरू प्रस्तुत गरे ।

- लिखित, मौखिक परीक्षा र निरन्तर मूल्याङ्कन बीचको सम्बन्ध शिक्षकहरूलाई बुझाउन नसकिएको,
- शिक्षकहरूमा परम्परागत मूल्याङ्कन विधिले गहिरो प्रभाव पारिरहनु,
- उदार कक्षोन्नति गर्न निरन्तर मूल्याङ्कन प्रणालीलाई झन्झटिलो रूपमा लिनु,
- अभिभावकमा औपचारिक परीक्षा गरेर पासफेल गर्ने परीपाटीलाई मात्र मूल्याङ्कन ठान्नु,
- औपचारिक लिखित परीक्षा नहुँदा अभिभावकमा पढाइनै नभएको महसुस भइरहनु,
- शिक्षकहरूको साप्ताहिक पाठ्यभार अधिक हुनु,
- यो मूल्याङ्कन कार्यान्वयन गराउने विषयमा प्र.अ.हरूको चासो कम हुनु,
- शिक्षकहरूमा विषयगत दक्षताको कमी हुनु,
- शैक्षिक व्यवस्थापन र सामग्री प्रयोग मूल्याङ्कन प्रणाली अनुसार नहुनु,
- अनुगमन र निरिक्षण प्रभावकारी हुन नसक्नु,
- सामुदायिक विद्यालयमा यो मूल्याङ्कन प्रणाली नभएको हुँदा अभिभावकहरूमा दुविधा कायम हुनु,
- विद्यार्थी नियमित विद्यालयमा उपस्थित नहुँदा मूल्याङ्कनमा कठिनाइ हुनु,
- विद्यार्थीमा सिकाइ कमजोरी हुने र मेहनत गर्नुपर्छ भन्ने विषयमा चासो नरहनु ।

## ४.४ उदार कक्षोन्नति मूल्याङ्कन प्रकृयामा देखिएका समस्या समाधान गर्नका लागि प्र.अ., स्रोत शिक्षक र वि.नि.हरूले व्यक्त गरेका सुझावहरू

निरन्तर मूल्याङ्कनबाट उदार कक्षोन्नति गर्न धेरै कठिनाईहरू रहेको अध्ययनको क्रमबाट देखियो । प्र.अ., वि.नि. र स्रोत शिक्षकसँग समूह छलफलमा समस्या समाधानका निम्न उपायहरू प्रस्तुत भएका थिए ।

- सबै शिक्षकहरूलाई शैक्षिक सत्रको सुरुमा निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नति प्रणाली सम्बन्धमा तालिम दिनुपर्छ ।
- विद्यालयको वातावरण शान्त, बालमैत्री, बालमनोविज्ञानलाई सकारात्मक प्रभाव पर्ने खालको बनाइनु पर्छ ।
- बालकेन्द्रित र प्रयोगात्मक शिक्षण विधि अपनाउन प्रोत्साहित गरिनु पर्छ ।
- शिक्षकहरूलाई दायित्व बोध गराई निरन्तर मूल्याङ्कन प्रणाली अपनाउन प्रोत्साहित गर्नुपर्छ ।
- अभिभावकहरूलाई उदार कक्षोन्नतिको अर्थ नपढाइ कक्षा चढाउने नभई शिक्षणका सम्पूर्ण प्रक्रियाहरूको मूल्याङ्कन गरी कक्षा चढाउने हो भन्ने भावना विकास गर्न गोष्ठी सञ्चालन गर्नुपर्छ ।
- सम्बन्धित पक्षबाट अनुगमन निरिक्षण र मूल्याङ्कन गरी शिक्षक र विद्यार्थीलाई पृष्ठपोषण दिनुपर्छ ।
- प्र.अ.हरूलाई निरन्तर मूल्याङ्कन भए नभएको अनुगमन गर्न जवाफदेही बनाउनु पर्छ ।
- प्र.अ., वि.नि. र स्रोत शिक्षकले नियमित सुपरिवेक्षण गरी यो मूल्याङ्कनमा शिक्षकका समस्याहरू समाधानमा सहजीकरण गर्नुपर्छ ।
- निरन्तर मूल्याङ्कन प्रणाली र यसबाट हुने फाइदाको बारेमा समय समयमा अभिभावकसँग अन्तर्क्रिया गरिनु पर्दछ ।
- उपलब्ध शैक्षिक र भौतिक विद्यालयीय वातावरणलाई अधिकतम् उपयोग गर्न सक्ने उपायहरू खोज र अवलम्बन गरिनु पर्छ ।
- संस्थागत विद्यालयहरूमा पनि यो मूल्याङ्कन प्रक्रिया लागू गर्न सम्बन्धित निकायले पहल गर्नुपर्छ ।
- स्थानीय स्तरमा प्राप्त गर्न सकिने शैक्षिक सामग्री निर्माण र प्रयोग गर्न सहयोग गर्नुपर्छ ।

### ४.५ उदार कक्षोन्नति प्रणालीको प्रभावको अध्ययन

निरन्तर मूल्याङ्कन प्रणालीलाई नै उदार कक्षोन्नतिको आधारको रूपमा राखिएकोले निरन्तर विद्यार्थी मूल्याङ्कनबाट उदार कक्षोन्नति गर्दा प्राप्त भएका सकारात्मक उपलब्धिहरूलाई निम्न बुँदाहरूमा प्रस्तुत गरिन्छ :

क) विद्यार्थी हाजिरीमा प्रभाव

ख) विद्यार्थीले कक्षाकार्य र गृहकार्य गर्ने क्षेत्रमा प्रभाव

ग) विद्यार्थीहरूले कक्षा दोहोऱ्याउने दरमा प्रभाव

घ) बीचमै विद्यालय छोड्ने दरमा प्रभाव

ङ) अन्य क्षेत्रमा प्रभाव

#### ४.५.१ विद्यार्थी हाजिरीमा प्रभाव

अध्ययन गरिएका विद्यालयहरूको उदार कक्षोन्नति लागू हुनु अघि र लागू भइसकेपछिका कक्षा तीनको हाजिरी प्रतिशतलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १३

विद्यार्थी हाजिरी

| क.सं. | विद्यालयको नाम | हाजिरी (२०६३) | हाजिरी (२०६७) |
|---|---|---|---|
| 1 | मैवाखोला उ.मा.वि. | ७५ | ७९ |
| 2 | नारायणी उ.मा.वि. | 61 | 80 |
| 3 | सूर्यदेवी मा.वि. | 50 | 70 |
| 4 | ठोट्ने नि.मा.वि. | 40 | 72 |
| 5 | सरस्वती प्रा.वि. | 34 | 71 |
| 6 | सरस्वती नि.मा.वि. | 38 | 61 |
| 7 | मानेडाँडा प्रा.वि. | 49 | 71 |
| 8 | जालपादेवी नि.मा.वि. | 47 | 66 |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

प्रस्तुत तालिकालाई अध्ययन गर्दा सबै विद्यालयहरूमा हाजिरी % बढेको छ। जस्तै : मैवाखोलामा ७५ बाट ७९ जम्ममा ४%

नारायणीमा ६१ बाट ८० जम्मा १९%

सूर्यदेवीमा ५० बाट ७० जम्मा २०%

ठोट्नेमा ४० बाट ७२ जम्मा ३२ %

सरस्वती प्रा.वि.मा ३४ बाट ७१ जम्मा ३७%

सरस्वती नि.मा.वि.मा ३८ बाट ६१ जम्मा २३%

मानेडाँडामा ४९ बाट ७१ जम्मा २२ % र

जालपादेवीमा ४७ बाट ६६ जम्मा १९% पुगेको छ। यस तथ्याङ्कलाई विश्लेषा गर्दा विद्यार्थी हाजिरीमा सकारात्मक प्रभाव परेको देखिन्छ।

### ४.५.२ कक्षाकार्य र गृहकार्यमा प्रभावको विश्लेषण

अध्ययन क्षेत्रमा रहेका सम्पूर्ण विद्यालयका अनुसूचिमा रहेका शिक्षकहरूसँग कक्षाकार्य र गृहकार्य गर्ने बानीको विषयमा छलफल गर्दा हाल कक्षाकार्य र गृहकार्य गर्ने विद्यार्थी सङ्ख्या बढी रहेको धारणा प्रस्तुत भएबाट कक्षाकार्य र गृहकार्यमा सकारात्मक प्रभाव परेको प्रष्ट हुन्छ।

### ४.५.३ विद्यार्थीले कक्षा दोहोऱ्याउनेमा प्रभावमा विश्लेषण

अध्ययनको क्रममा रहेका विद्यालयहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यक्रम लागू हुनु अघि र लागू भइसकेपछि कक्षा दोहोऱ्याउने दर निम्नतालिका अनुसार प्राप्त भयो :

तालिका नं. १४

विद्यार्थीले कक्षा दोहोऱ्याउनेमा प्रभाव

| क्र.सं. | विद्यालयको नाम | कक्षा दोहोऱ्याउने वि.सङ्ख्या (२०६३) | कक्षा दोहोऱ्याउने वि.सङ्ख्या (२०६७) |
|---|---|---|---|
| 1 | मैवाखोला उ.मा.वि. | 4 | 0 |

| | | | |
|---|---|---|---|
| 2 | नारायणी उ.मा.वि. | 5 | 0 |
| 3 | सूर्यदेवी मा.वि. | 7 | 0 |
| 4 | ठोट्ने नि.मा.वि. | 4 | 1 |
| 5 | सरस्वती प्रा.वि. | 2 | 0 |
| 6 | सरस्वती नि.मा.वि. | 3 | 0 |
| 7 | मानेडाँडा प्रा.वि. | 2 | 0 |
| 8 | जालपादेवी नि.मा.वि. | 3 | 0 |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

उल्लेखित तालिकालाई अध्ययन गर्दा सबै विद्यालयहरूमा कक्षा दोहोर्‍याउने दर ० भएको र एउटा विद्यालयमा मात्र कक्षा दोहोर्‍याउने विद्यार्थी पाइएकोले विद्यालयका प्र.अ.सँग सम्पर्क गर्दा अभिभावकको राय अनुसार लामो समयसम्म विरामी भएका कारण कक्षा दोहोर्‍याउनु परेको जानकारी प्राप्त भयो ।

समग्रमा निरन्तर मूल्याङ्कन प्रणालीबाट कक्षा दोहोर्‍याउने दर करिब शून्य (०) मा झरेको हुनाले यसलाई सकारात्मक प्रभावको रूपमा लिन सकिन्छ ।

### ४.५.४ बीचमै विद्यालय छोड्ने दरमा प्रभाव विश्लेषण

बीचमै विद्यालय छाड्ने दर अध्ययनको क्रममा निम्न तालिका अनुसारको विवरण प्राप्त भयो :

तालिका नं. १५

बीचैमा विद्यालय छोड्ने दरमा प्रभाव

| क्र.सं. | विद्यालयको नाम | बीचमै विद्यालय छाड्ने वि.सङ्ख्या (२०६३) | बीचमै विद्यालय छाड्ने वि.सङ्ख्या (२०६७) |
|---|---|---|---|
| 1 | मैवाखोला उ.मा.वि. | 3 | 1 |
| 2 | नारायणी उ.मा.वि. | 5 | 2 |
| 3 | सूर्यदेवी मा.वि. | 1 | 0 |
| 4 | ठोट्ने नि.मा.वि. | 3 | 1 |
| 5 | सरस्वती प्रा.वि. | 3 | 0 |

| | | | |
|---|---|---|---|
| 6 | सरस्वती नि.मा.वि. | 7 | 0 |
| 7 | मानेडाँडा प्रा.वि. | 3 | 0 |
| 8 | जालपादेवी नि.मा.वि. | 4 | 0 |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

बीचमै विद्यालय छाड्ने दरमा अध्ययन क्षेत्रका विद्यालयहरूमा अध्ययन गर्दा ५ वर्ष भित्रका उल्लेखनिय रूपमा घटेको धेरै जसो विद्यालयमा कक्षा दोहोऱ्याउने दर ० नै भएको जानकारी तालिकाले प्रष्ट गर्दछ । मैवाखोला उ.मा.वि.मा ३ जनाबाट १ जना, नारायणी उ.मा.वि.मा ५ जनाबाट २ जना, ठोट्ने नि.मा.वि.मा ३ जनाबाट १ जना र बाँकी विद्यालयहरूबाट कक्षा दोहोऱ्याउने  सङ्ख्या ० भएको देखिन्छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कनबाट विद्यार्थीहरूमा उदार कक्षोन्नति गरिने हुँदा कक्षा छोड्ने दर प्रसस्त घटेकोले यसलाई सकारात्मक प्रभावका रूपमा लिन सकिन्छ ।

### ४.५.५ अन्य क्षेत्रमा प्रभाव विश्लेषण

उदार कक्षोन्नतिका कारण विद्यार्थीहरूमा परीक्षा त्रासबाट मुक्त भई मानसिक सन्त्रासमा सकारात्मक प्रभाव परेको र विद्यालयमा कक्षा दोहोऱ्याउने दरमा कमी आएका कारण कक्षामा विद्यार्थीको उमेरमा धेरै अन्तर नरहेको, विद्यार्थीहरू सिर्जनात्मक कार्यमा सक्रिय रही व्यवहारमा परिवर्तन भएको धारणा अध्ययनको क्रममा शिक्षक र प्र.अ.हरूबाट जानकारी प्राप्त भएको हुँदा यसलाई महत्त्वपूर्ण प्रभाव मान्न सकिन्छ ।

समग्र पक्षहरूलाई विश्लेषण गर्दा उदार कक्षोन्नति प्रणालीमा केही कमजोरीहरू रहेता पनि विद्यार्थी, विद्यालय र समुदायमा यसको सकारात्मक प्रभाव रहेको जानकारी प्राप्त भयो ।

# अध्याय : पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरू

### ५.१ प्राप्ति

कुनै पनि मुलुकमा शिक्षाको गुणस्तर वृद्धि गर्न मूल्याङ्कन प्रणालीलाई सुधार गर्ने गरिन्छ । हाम्रो देशमा प्राथमिक शिक्षाको गुणस्तर वृद्धि गर्न सरकारले गरेको लगानी अनुरुप प्रतिफल पाउन नसक्नुको मूलकारण मूल्याङ्कन प्रणालीलाई मानेको छ । हाम्रो मूल्याङ्कन प्रणाली हालसम्म परीक्षामुखी छ । प्राथमिक तहका साना बालबालिकाहरूले यसको लाभ लिन नसकेको अवस्थामा परिवर्तित पाठ्यक्रम २०५७ अनुसार कक्षा १ देखि ३ सम्म उदार कक्षोन्नति कार्यक्रम २०६३ सालमा लागू भइसकेको छ । यसबाट शैक्षिक सत्रभरी शिक्षण सिकाइ क्रियाकलापमा सरिक भइसकेका विद्यार्थीलाई प्रोत्साहन स्वरूप उनीहरूको व्यवहार परिवर्तनलाई आधार मानी कक्षोन्नति गर्न सकिन्छ । विद्यालयमा न्यून उपस्थिति भएका सिकाइमा कमजोर विद्यार्थीलाई पनि विद्यार्थीका अभिभावकको सल्लाह र सुझाव अनुसार कक्षा चढाउन सकिन्छ । यसै सन्दर्भमा यो स्रोत कार्यले प्राथमिक तहको उदार कक्षोन्नति मूल्याङ्कन कार्यान्वयनको अवस्था र प्रभाव शीर्षकलाई विषयका रूपमा उठान गरेको छ । अध्ययनबाट प्राप्त सारांशलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- उत्तरदाताका रूपमा रहेका सबै सहभागिहरूले शिक्षण सिकाइ प्रक्रियासँगै निरन्तर रूपमा गरिने विद्यार्थीको मूल्याङ्कनलाई निरन्तर विद्यार्थी मूल्याङ्कन भनिन्छ भन्ने धारणा राखेका थिए ।
- अभिभावकहरूमा मूल्याङ्कनको प्रष्ट धारणा नरहेको र परीक्षा र मूल्याङ्कनलाई एउटै अर्थमा लिने गरेको पाइयो ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नति सम्बन्धमा अभिभावकहरू सकारात्मक हुन नसकेको हुँदा उनीहरूलाई अन्तर्क्रिया र सेमिनारबाट चेतना वृद्धि गर्नुपर्ने धारणा शिक्षक तथा प्र.अ.हरूले राखेका थिए ।
- उदार कक्षोन्नतिलाई सबै सिक्षकहरूले परीक्षा नगरी निरन्तर मूल्याङ्कनका माध्यमबाट कक्षा चढाउने र असफल पार्नु नपाइने प्रक्रियाका रूपमा बुझेको पाइयो ।

- १२ जना शिक्षकहरूले यो प्रक्रियाबाट कलिला बालबालिकाहरूमा गरिने मूल्याङ्कन प्रभावकारी भएको धारणा राखेका थिए भने ४ जनाले यो भन्दा फरक धारणा राखेका थिए ।
- प्रधानाध्यापकहरू सबैले निरन्तर विद्यार्थी मूल्याङ्कनबाट कक्षोन्नति गर्दा राम्रो हुने र मूल्याङ्कनका क्रममा लिखित तथा मौखिक परीक्षालाई पनि उपयोग गर्नुपर्ने धारणा व्यक्त गरेका थिए ।
- उदार कक्षोन्नतिका विषयमा अभिभावकहरूलाई खासै जानकारी नभएको, विद्यालयको विविध कार्याक्रमहरूमा उनीहरूलाई आमन्त्रण नगरीएको, विद्यार्थी मूल्याङ्कन औपचारिकतामा मात्र सिमित रहेको राय प्रस्तुत गरेका थिए ।
- एक अभिभावकले उदार कक्षोन्नति कार्यक्रम सिद्धान्तगत रूपमा राम्रो भए पनि भौतिक सुविधाको अभाव, बालकेन्द्रित सिकाइ नहुने, शैक्षिक सामग्रीको उपयोगमा अभाव आदि समस्याले बालकको सर्वाङ्गीण विकास हुन नसकेको धारणा व्यक्त गरेका थिए ।
- औपचारिक मूल्याङ्कनबाट टाढिएका प्राथमिक तहका बालबालिकालाई विद्यालयमा टिकाइ राख्न र प्राथमिक तह पूरा गराउन निरन्तर मूल्याङ्कन प्रणाली र उदार कक्षोन्नति प्रक्रिया सफल हुने धारणा ८ जना प्र.अ.हरूले राखेका थिए ।
- प्र.अ.हरूमध्ये ५ जनाले निरन्तर मूल्याङ्कन प्रक्रियाबाट हुने सफलताको जानकारी अभिभावकलाई गराएर सकारात्मक बनाइनु पर्ने धारणा प्रस्तुत गरेका थिए ।
- सबै शिक्षकहरूले निरन्तर मूल्याङ्कन प्रणाली र उदार कक्षोन्नतिसम्बन्धी पऱ्याप्त तालिम नदिएको, जसले गर्दा उदार कक्षोन्नतिसम्बन्धी कार्यकुशलतामा कमि रहेको यथार्थ प्रस्तुत गरे ।
- प्रतिकुल शैक्षिक वातावरण, बहुकक्षा शिक्षण गर्नुपर्ने बाध्यता आदि समस्या हुँदाहुँदै पनि विद्यार्थी परीक्षा सन्त्रासबाट मुक्त हुनेमा ८१%, कक्षा दोहोऱ्याउने दर न्यून हुनेमा ६८.७५%, विद्यार्थी केन्द्रित शिक्षण हुनेमा ५६.२५% शिक्षकहरूको धारणा रहेको पाइयो ।
- निरन्तर मूल्याङ्कन प्रणालीको मापदण्डमा कक्षाकार्यलाई आधार बनाउने १२ जना, परियोजना कार्यलाई आधार बनाउने १० जना, व्यवहार परिवर्तनलाई आधार

बनाउने ९ जना, सिर्जनात्मक कार्यलाई आधार बनाउने ११ जना र हाजिरीलाई आधार बनाउने १५ जना शिक्षकहरू रहेको पाइयो ।

- विद्यार्थी कार्य सञ्चयीका निर्माण र प्रयोग गर्न शिक्षकहरूको एकल प्रयास सफल नभएको हुँदा विद्यालय प्रशासन, स्रोत केन्द्र, जि.शि.का.आदिले आर्थिक सहयोग गर्नुपर्ने धारणा शिक्षकहरूले व्यक्त गरे ।
- उदार कक्षोन्नतितर्फ शिक्षकको धारणा बदल्न नसक्नु, परीक्षामुखी पुरानो मूल्याङ्कनको धारणा शिक्षक र अभिभावकमा कायम हुनु, शिक्षकले निरन्तर मूल्याङ्कनप्रति झन्झटको भाव देखाउनु, शिक्षकमा विषयगत दक्षताको कमि, अनुगमन कार्य प्रभावकारी नहुनु, निजी विद्यालयहरूले निरन्तर मूल्याङ्कन प्रणाली लागू नगर्नु आदि समस्याहरू रहेको धारणा वि.नि. तथा स्रोत शिक्षकले औँल्याएका थिए ।

उदार कक्षोन्नति प्रक्रियामा विविध समस्याहरू रहदारहदै पनि यसका विभिन्न क्षेत्रमा सकारात्मक प्रभावहरू रहेको पाइयो । जसमा विद्यार्थीको हाजिरी प्रतिशत बढेको, कक्षाकाय र गृहकार्य गर्ने बानीको विकास भएको, विद्यार्थीले कक्षा दोहोर्‍याउने कार्य हटेको, बीचैमा विद्यालय छोड्ने विद्यार्थी सङ्ख्या कम भएको, शिक्षकमा नयाँ बाल मैत्री र प्रभावकारी शिक्षण विधि पहिचान र प्रयोग गर्ने उत्साह बढेको धारणा प्राप्त भयो ।

## ५.२ निष्कर्ष

सामुदायिक विद्यालयहरूमा कक्षा १ देखि ३ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कनबाट कक्षोन्नति गरिन्छ । विद्यालयका शिक्षकहरूले निरन्तर मूलयाङ्कन प्रणालीलाई सिकाइ प्रक्रिया सँगसँगै सञ्चालन गरिने नियमित प्रक्रियाका रूपमा लिएका छन् । अभिभावकहरू यो प्रक्रियाबारे जानकार छैनन् । अधिकांश अभिभावक र केही शिक्षकहरूले परीक्षा नगरी कक्षा चढाउने र फेल गर्न नपाइने प्रक्रियाका रूपमा उदार कक्षोन्नतिलाई लिएका छन् । १६ जना शिक्षकहरूमध्ये १२ जनाले लिखित परीक्षाबाट लाभ लिन नसक्ने साना बालबालिकाहरूमा निरन्तर मूल्याङ्कनका आधारमा उदार कक्षोन्नति गर्नु उपयुक्त भएको धारणा व्यक्त गरेका छन् । बाँकी ४ जनामा हालको उदार कक्षोन्नतिको अवस्था उपयुक्त नभएको धारणा पाइन्छ ।

निरन्तर मूल्याङ्कनबाट उदार कक्षोन्नति गर्दा सिकाइ उपलब्धि राम्रो र प्रभावकारी हुने सकारात्मक पक्षमा आठै जना प्र.अ.हरू रहेको पाइयो । १६ जना शिक्षकहरूमध्ये १४ जनाले निरन्तर मूल्याङ्कन प्रणालीबाट उदार कक्षोन्नति गर्ने गरेका छन् भने २ जनाले हालसम्म पनि परम्परागत परीक्षाबाट नै कक्षोन्नति गर्ने गरेको देखिन्छ । सम्पूर्ण प्र.अ.हरू उदार कक्षोन्नति गर्दा निरन्तर मूल्याङ्कन प्रणाली र लिखित मौखिक परीक्षालाई आधार बनाउनु पर्ने धारणा व्यक्त गरेका छन् । जम्मा १६ जना अभिभावकमध्ये ६ जना अभिभावकहरूले कक्षामा राम्रो सिकाइ नगरिएको, गृहकार्य, कक्षाकार्य दिए पनि चेक नगरिएको परीक्षा नआउने हुँदा विद्यार्थीमा पढ्ने लेख्ने बानी हराएको धारणा प्रस्तुत गरे भने ५ जना अभिभावकले विद्यालयले निरन्तर सम्पर्क गर्ने, विद्यार्थीको बारेमा अन्तर्क्रिया गर्ने गरेको धारणा व्यक्त गरे । समग्रमा अभिभावकहरू उदार कक्षोन्नति प्रति सकारात्मक बन्न नसकेको पाइन्छ ।

निरन्तर मूल्याङ्कन प्रणालीका ५ वटा मापदण्डहरू मध्ये हाजिरीलाई सबैभन्दा बढी ९३.७५% ले प्रयोग गर्ने गरेका छन् भने व्यवहार परिवर्तनलाई सबभन्दा कम ५६.२५% शिक्षकले प्रयोग गर्ने गरिएको छन् । अभिलेखनमा भने सबै मापदण्डको प्रयोग भएको देखिन्छ । ८१.२५% शिक्षकहरूले कार्य सञ्चयिका आंशिक रूपमा भए पनि निर्माण र प्रयोग गरेको भए पनि सबै मापदण्डहरूलाई समेटेर निर्माण गर्न सकेका छैनन् । कार्य सञ्चयिका निर्माण र प्रयोग गर्न नसक्नु शिक्षकको दक्षताको कमि हो । सम्बन्धित निकायले आर्थिक र प्राविधिक सहयोग नपुऱ्याउनु नै हो ।

उदार कक्षोन्नति गर्न निरन्तर मूल्याङ्कनका अतिरिक्त लिखित र मौखिक परीक्षालाई पनि साधनका रूपमा प्रयोग गर्ने ८ जना अर्थात ५०% छन् । पाठ्यक्रमले निर्दिष्ट गरेको फारम नं. १ सबैले प्रयोग गर्ने गरेका भए पनि फारम नं. २ लाई आफ्नै ढाँचामा मात्र निर्माण र प्रयोग गरेका छन् ।

त्रैमासिक र वार्षिक रूपमा सबै शिक्षकहरूले औपचारिक विद्यार्थी मूल्याङ्कन गर्ने गरेका छन् । पाठ्यक्रमले तोके अनुसार पाठको समाप्तीमा निरन्तर मूल्याङ्कनको मापदण्डबाट मूल्याङ्कन गर्ने शिक्षक १४ जना अर्थात् (८७.५) प्रतिशत मात्र छन् । त्यसमध्ये ६ जना अर्थात् ३७.५ प्रतिशतले मात्र सँगसँगै अभिलेख राख्ने गरेका छन् । विद्यार्थीको सिकाइ उपलब्धिलाई सुधार गर्ने पाठ्यक्रमले दिएका उपायहरूमध्ये अभिभावकलाई सिकाइ वातावरण राम्रो बनाउन सुझाव दिने सबभन्दा बढी ११ जना अर्थात्

(७५%) छन् भने छुट्टै समयमा कमजोर विद्यार्थीलाई बढी सिकाइ अवसर दिने ४ जना अर्थात् २५% मात्र छन् । यसका अतिरिक्त सिकाइ उपलब्धिमा वृद्धि गर्न यसका अलावा अतिरिक्त कृयाकलाप, पुरस्कार र खेलका माध्यमबाट सिकाइमा सुधार गर्ने गरेको पाइन्छ ।

उदार कक्षोन्नति मूल्याङ्कनका लागि तालिम वा अभिमुखिकरण नगरिनु, विद्यालयको आर्थिक, भौतिक र व्यवस्थापकिय पक्ष कमजोर हुनु, अभिभावक, शिक्षक र प्र.अ.मा यो मूल्याङ्कन प्रणालीप्रति चासो कम हुनु यस मूल्याङ्कन प्रणालीमा जि.शि.का. र सम्बन्धित निकायबाट उचित तालिम, अभिमुखिकरण, गोष्ठी, निर्देशन र अनुगमन तथा सहजिकरण नगरिनु, शिक्षकमा यो मूल्याङ्कनको कार्यान्वयनमा दक्षताको कमिहुनु आदि जस्ता मूल समस्याहरू देखिन्छन् ।

### ५.३ सुझावहरू

उदार कक्षोन्नति मूल्याङ्कन कार्यान्वयनको अवस्था र प्रभाव अध्ययन गर्ने क्रममा शिक्षक, प्र.अ., वि.नि., स्रोत शिक्षकसँगको सामुहिक छलफल, विभिन्न लेख रचना, पाठ्यपुस्तक, पत्रपत्रिका अध्ययन गरी निम्न अनुसार सुझाव दिइएको छ ।

- अभिभावकहरू उदार कक्षोन्नति प्रति सकारात्मक बन्न नसकेका पाइएकोले अभिभावकहरूलाई यस मूल्याङ्कनका सकारात्मक पक्षका विषयमा सचेत गराउने अन्तर्क्रियात्मक कार्यक्रमहरू सञ्चालन गरिनु पर्छ ।
- शिक्षक र प्र.अ.हरू समेत उदार कक्षोन्नतिको कार्यान्वयनको अवस्था र अवधारणाका सम्बन्धमा धेरै अन्योलताहरू पाइएकोले यस सम्बन्धी तालिम वा अभिमुखिकरण कार्यक्रम सम्बन्धित निकायबाट सञ्चालन गरिनु पर्छ ।
- शिक्षकहरू विद्यार्थीको कार्य सञ्चयिका निर्माण र प्रयोग गर्न सफल नभएको पाइएकोले यसका लागि अभिभावक, वि.व्य.स., शिक्षक, विद्यालय प्रशासन आदिले सहयोग गरी सञ्चयीका निर्माण गरी पूर्ण रूपमा प्रयोग गरिनु पर्छ ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नति कार्यान्वयनको क्रममा जि.शि.का., स्रोत केन्द्र र विद्यालय प्रशासनबाट प्रभावकारी अनुगमन र मूल्याङ्कन हुने गरिएको नपाइएकोले यो मूल्याङ्कन प्रक्रियाका सम्बन्धमा निरिक्षण, अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाइ पुरस्कार र दण्डको व्यवस्था गरिनु पर्दछ ।

- निरन्तर मूल्याङ्कन प्रणालीबाट उदार कक्षोन्नति गर्न प्रयोग गरिने मापदण्डका सुचकहरूको निर्धारण नगरिएकोले पाठ्यक्रम विकास केन्द्रबाट उक्त मापदण्डका सुचकहरू निर्धारण गर्न लगाई मूल्याङ्कनलाई व्यवहारिक र वस्तुगत बनाइनु पर्दछ ।
- निरन्तर मूल्याङ्कन प्रणाली प्रयोग गर्ने विद्यालयमा शैक्षिक र भौतिक वातावरणको समस्या देखिएकोले विद्यालयले उपलब्ध अवस्थाहरूलाई अधिकतम उपयोग गर्न सकिने उपायहरू अवलम्बन गरिनु पर्दछ ।
- स्रोत केन्द्र र विद्यालयहरूले स्थानीय स्तरमै प्राप्त गर्न सकिने शैक्षिक सामग्री निर्माण र प्रयोग गर्न प्रोत्साहित गरी शैक्षिक सामग्री निर्माण कार्यशाला सञ्चालन गरिनु पर्दछ ।
- संस्थागत विद्यालयहरूमा निरन्तर मूल्याङ्कनबाट उदार कक्षोन्नति गरिने परिपाटी नभएकोले सम्बन्धित निकायबाट यो प्रक्रिया लागू गर्न पहल गरिनु पर्दछ ।
- विद्यालयहरूले औपचारिक लिखित र मौखिक परीक्षाका उत्तर पुस्तिकाहरू विद्यार्थीलाई पृष्ठपोषण दिन परीक्षण पश्चात् फिर्ता दिने गरिनु पर्छ ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नतिबाट विभिन्न क्षेत्रमा सकारात्मक प्रभावहरू देखिएकोले यस्ता प्रभावको जानकारी सम्बन्धित निकायहरूमा दिइनु पर्दछ ।

# सन्दर्भ सामग्रीहरू

Best. John W. and Khan, James V. (2000). **Research Method in Education.** Seventh Edition. New Delhi Prentice Hall of India Pvt. Ltd.

Parajuli, Tirtharaj (2059) **CAS Report**, Sanothimi, Bhaktapur : Curriculum Development Centre.

Research Centre for Educational Innovation and Development, **Evaluation system in the primary school of Nepal**. T.U. July-1998.

Taba, Hilda (1962), **Curriculum Development Tehory and Practices**, New York : Hart Branch dand word.

Tayler R.M. (1974). **The Basis Principal of Curriculum and Instruction**, Chaigcag Univercity of Chicago Press.

अधिकारी, चन्द्रमणि, (२०६६/०६७) **शिक्षा ऐन २०२८ सातौं संशोधन,** डिल्लीबजार काठमाडौँ : जनप्रगतिसिल प्रकाशन ।

खनाल, पेशल (२०६२), **शैक्षिक अनुसन्धान पद्धति**, किर्तिपुर काठमाडौँ : सनलाइट पब्लिकेसन ।

खनाल, श्रीप्रसाद, तिमिल्सिना, विनोद खण्ड (२०६१) **गुणात्मक मूल्याङ्कन अनुसन्धान**, किर्तिपुर, नयाँबजार : क्षितिज प्रकाशन ।

खनाल, श्रीप्रसाद,(२०६५) **कार्यक्रम मूल्याङ्कन,** किर्तिपुर, काठमाडौँ : जुपिटर पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

ज.ब.रा, स्वयम् प्रकाश, श्रेष्ठ, चन्द्रबहादुर र रन्जितकार, किरणराम (२०६५), **शिक्षामा मापन तथा मूल्याङ्कन,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

थापा, योगेन्द्र (२०५९), **प्राथमिक तहको मूल्याङ्कन प्रणाली एक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौ : शिक्षा शास्त्र सङ्काय, त्रि.वि. ।

भट्टराई, नारायणप्रसाद (२०६६), **शैक्षणिक मूल्याङ्कन,** काठमाडौँ : प्रधान बुक्स हाउस ।

शर्मा, गोपिनाथ (२०५७), **नेपालको शैक्षिक इतिहास,** रत्नपार्क, काठमाडौँ : लुम्बिनी पुस्तक भण्डार ।

शर्मा, गोपिनाथ (२०६६), **नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरूका सङ्ग्रह**, डिल्लीबजार, काठमाडौँ : मकालु प्रकाशन गृह ।

ज्ञवाली, कृष्णप्रसाद (२०६०-०६१), **प्राथमिक कक्षा शिक्षणको केही व्यवहारिक समस्या र उपाय,** (सम्प्रेषण वार्षिक पत्रिका), काठमाडौँ : नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

## परिशिष्ट १

## छनोटमा परेका वि.नि., स्रोत व्यक्ति, विद्यालय, प्र.अ. तथा शिक्षकहरूको नामावली

वि.नि. - रमेश भट्टराई

स्रोत व्यक्ति - चूडामणि भट्टराई

| क.सं. | छनोटमा परेका विद्यालयहरू | छनोटमा परेका प्र.अ.हरू | छनोटमा परेका शिक्षकहरू |
|---|---|---|---|
| १ | श्री मैवाखोला उ.मा.वि. ढुङ्गेसाँघु | प्रेम कुमार पौडेल | महेश अधिकारी, वालकृष्ण अधिकारी |
| २ | श्री नारायणी उ.मा.वि. साँघु | पहलमान चोङवाङ | राम बहादुर आङ्बुहाङ नरेश चोङवाङ्ग |
| ३ | श्री सूर्यदेवी मा.वि.सान्थाक्रा | गणेश लोङ्वा | गीता लोङ्वा गुरु प्रसाद निरौला |
| ४ | श्री ठोट्ने नि.मा.वि.ढुङ्गेसाँघु | चित्रगुप्त वानेम | लेखनाथ गौतम डम्बर थोप्रा |
| ५ | श्री सरस्वती प्रा.वि.साँघु | रामबहादुर सेर्पा | इश्वरा गौतम कमला भट्टराई |
| ६ | श्री सरस्वती नि.मा.वि. ढुङ्गेसाँघु | हरिप्रसाद अधिकारी | दोमनाथ पाठक प्रेम प्र. तामाङ |
| ७ | श्री मानेडाँडा प्रा.वि. साँघु | खेमराज भट्टराई | उषाकिरण चोङवाङ्ग पुष्पबहादुर श्रेष्ठ |
| ८ | श्री जालपादेवी नि.मा.वि. सान्थाक्रा | टङ्क प्रसाद नाल्वो | खड्गबहादुर लिम्बू भिम बहादुर बस्नेत |

## परिशिष्ट २

## छनोटमा परेका अभिभावकहरूको विवरण

१) विरध्वज तेम्बे

२) रविन्द्र वनेम

३) रङ्गलाल गौतम

४) ज्ञानबहादुर चोङवाङ्ग

५) शिव लोङ्वा

६) ज्ञान व. मगर

७) नरधोज वनेम

८) लोकमान वनेम

९) चन्द्रसागर लिम्बू

१०) चक्र बहादुर माङदेन

११) लाक्पा शेर्पा

१२) रङ्गलाल पाठक

१३) छेतेन शेर्पा

१४) प्रेम ब. लिम्बू

१५) सुरेन्द्र लिम्बू

१६) रमेश शेर्पा

## परिशिष्ट- ३

### प्राथमिक तहमा उदार कक्षोन्नति मूल्याङ्कन कार्यान्वयनको अवस्था र प्रभाव विषयमा शिक्षकका लागि प्रश्नावली

नाम थर : ..................................................................

विद्यालयको नाम : ..........................................................................

विद्यालयमा अध्यापन गरिरहेका विषयहरू : ........................................................

शैक्षिक योग्यता : शि.अनुभव वर्ष :

१) निरन्तर मूल्याङ्कन भनेको के होला ? यसले केके कुरालाई जनाउँछ जस्तो लाग्छ ?

२) तपाईंले विद्यार्थी मूल्याङ्कनमा निरन्तर मूल्याङ्कन प्रणालीलाई समावेश गर्नुभएको छ ?

क) छ ☐ ख) छैन ☐

३) यदि तपाईंले निरन्तर मूल्याङ्कन प्रणाली अनुसार मूल्याङ्कन गर्नुभएको छ भने कुन कुन कुरालाई मूल्याङ्कनको आधार बनाउनु भएको छ ?

क) हाजिरी ☐ ख) कक्षा सहभागिता ☐ ग) परियोजना कार्य ☐

घ) सृजनात्मक कार्य ☐ ङ) कक्षाकार्य/गृहकार्य ☐ च) व्यवहारमा परिवर्तन ☐

४) माथि उल्लेखित आधारहरू छन् ?

क) छन ☐ ख) छैनन् ☐

५) छैनन् भने किन ? ............

६) उल्लेखित बाहेक तपाईंको विचारमा निरन्तर मूल्याङ्कनका आधारहरू केके हुन सक्छन् ?

७) उदार कक्षोन्नति मूल्याङ्कन भन्नाले केलाई जनाउँछ जस्तो लाग्छ ?

८) कक्षा चढाउँदा उदार कक्षोन्नतिलाई कस्तो मान्नुहुन्छ ?

क) उपयुक्त ☐ ख) अनुपयुक्त ☐

९) किन ? ...............................................

१०) उदार कक्षोन्नति गर्दा उपलब्धि स्तरमा कस्तो असर पर्ने ठान्नुहुन्छ ?

क) सिकाइमा प्रभावकारीतामा बढी उपलब्धि बढ्छ। ☐

ख) सिकाइस्तर खस्कन्छ ? ☐

११) उदार कक्षोन्नति गर्दा कुन प्रकृयालाई उचित ठान्नु भएको छ ?

क) निरन्तर मूल्याङ्कन प्रणाली ☐ ख) लिखित /मौखिक परीक्षा ☐ ग) दुवै ☐

१२) किन ?......................

१३) पाठ्यक्रमले उदार कक्षोन्नति गर्न निरन्तर मूल्याङ्कन प्रणाली अपनाउन सिफारिस गरेको छ । निरन्तर मूल्याङ्कन विना पनि कक्षोन्नति गर्न सकिन्छ ?

क) सकिन्छ ☐ ख) सकिदैन ☐

१४) किन ?

१५) उदार कक्षोन्नति र निरन्तर मूल्याङ्कन सम्बन्धमा तपाईंले कुनै तालिम लिनु भएको छ ?

क) छ ☐ ख) छैन ☐

१६) यदि छ भने कति अवधिको लिनु भएको छ ?

१७) तपाईंले लिएको तालिमलाई उदार कक्षोन्नति प्रकृयामा कसरी प्रयोग गर्नुभएको छ ?

१८) उदार कक्षोन्नतिप्रति अभिभावक र समाजका प्रवुद्ध मानिसहरूको प्रतिकृयिा कस्तो पाउनु भएको छ ?

क) सकारात्मक ☐ ख) नकरात्मक ☐ ग) मिश्रित ☐

१९) तपाईंको विचारमा उनीहरू त्यस्तो धारणा किन राख्छन् ?

२०) उदार कक्षोन्नतिबाट सकारात्मक पक्षहरू केके पाउनु भएको छ ?

क) विद्यार्थी केन्द्रित सकारात्मक शिक्षण सिकाइ हुने ☐

ख) विद्यालयमा विद्यार्थीहरू नियमित उपस्थिति हुने ☐

ग) बीचमा विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर न्यून हुने ☐

घ) विद्यार्थी परीक्षा सन्त्रासबाट मुक्त हुने ☐

२१) पाठ्यक्रमले उदार कक्षोन्नति सम्बन्धमा उल्लेख गरेका नीति, नियम र विधिहरू उपयुक्त र पऱ्याप्त छन् ?

क) छन् ☐ ख) छैनन् ☐ /कारण दिनुहोस् ।

२२) विद्यार्थीको कार्य सञ्चयिका/ प्रगति विवरण निर्माण गरी मूल्याङ्कन प्रक्रियामा यसको प्रयोग गर्नुभएको छ ?

क) छ ☐ ख) छैन ☐

२३) विद्यार्थीको कार्य सञ्चयिकामा केके कुरालाई समेट्ने गर्नुभएको छ ?

क) लिखित तथा मौखिक परीक्षाका विषयगत उपलब्धि स्तर ☐

ख) निरन्तर मूल्याङ्कनबाट प्राप्त विषयगत उपलब्धि ☐

ग) विद्यार्थीको हाजिरी ☐ घ) अभिभावकबाट लिएका सुझावहरू ☐

ङ) विद्यार्थीको सामाजिक, आर्थिक र पारिवारिक विवरण ☐ च) कक्षा सहभागिता ☐

छ) कक्षाकार्य/गृहकार्य ☐ ज) व्यवहारमा आएको परिवर्तन ☐

झ) सिर्जनात्मक कार्य ☐ ञ) अतिरिक्त क्रियाकलापको सहभागिता ☐

२४) प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका बनाई प्रयोगमा ल्याउँदा केके फाइदा पाउनु भएको छ ?

२५) विद्यार्थीको कार्य सञ्चयिका बनाउँदा पाठ्यक्रममा उल्लेख भएका सबै प्रकृया अपनाई निर्माण गरिएको छ ?

क) छ ☐ ख) छैन ☐ ग) आंशिक रूपमा छ ☐

२६) कार्य सञ्चयिका निर्माण गर्न र प्रयोग गर्न आफूले महसुस गरेका कठिनाईहरू केके होलान् ?

२७) उदार कक्षोन्नति गर्न कार्य सञ्चयिकाले कतिको मद्दत गर्छ ? कसरी ?

२८) उदार कक्षोन्नतिका लागि विद्यार्थी मूल्याङ्कन कहिले कहिले गर्नुहुन्छ ?

क) दैनिक रूपमा ☐ ख) पाठको अन्तमा ☐ ग) मासिक रूपमा ☐

घ) त्रैमासिक रूपमा ☐ ङ) वार्षिक रूपमा ☐

२९) उदार कक्षोन्नतिका लागि विद्यार्थी मूल्याङ्कनको अभिलेख कसरी राख्ने गर्नुभएको छ ?

क) दैनिक रूपमा ☐ ख) पाठको अन्तमा ☐ ग) मासिक रूपमा ☐

घ) त्रैमासिक रूपमा ☐ ङ) वार्षिक रूपमा ☐

३०) प्रत्येक पाठमा विद्यार्थीको उपलब्धिको स्तर कसरी राख्ने गर्नुभएको छ ?

क) लिखित परीक्षा लिएर ☐ ख) मौखिक प्रश्न सोधेर ☐ ग) गृहकार्य दिएर ☐

घ) कक्षा सहभागिता र कक्षाकार्यको निरिक्षण गरेर ☐

ङ) व्यवहारमा आएको परिवर्तन अवलोकन गरेर ☐

३१) विद्यार्थीले कुनै पाठबाट अपेक्षित सिकाई उपलब्धि हासिल गर्न नसके केके सुधारका उपायहरू अपनाउने गर्नुभएको छ ?

क) अभिभावकलाई जानकारी गराई ट्युसनको व्यवस्था मिलाउन ☐

ख) छुट्टै समयमा कमजोर विद्यार्थीका लागि पूरक कक्षा शिक्षण गरेर ☐

ग) कक्षा समयमा नै कमजोर विद्यार्थीलाई बढी ध्यान पुऱ्याइ थप सिकाइ अवसर दिएर ☐

घ) कमजोर बालकको पारिवारिक अवस्था बुझी घरमा सिकाइ अवसर प्रदान गर्न सुझव दिएर ☐

ङ) बालबालिका बीच सिकाई अन्तरक्रिया गर्न लगाएर ☐

च) शिक्षण सामग्री प्रयोग गरी शिक्षण विधि परिवर्तन गरेर ☐

३२) उल्लेखित बाहेक अरू कुनै उपाय अपनाउनु भएको छ ?

३३) उदार कक्षोन्नति गर्दा विद्यार्थीको श्रेणी विभाजन कसरी गर्नुहुन्छ ?

क) ७०% भन्दा बढी ल्याउने 'क' श्रेणी, ४०% देखि ७०% सम्म ल्याउने 'ख' श्रेणी र ४०% भन्दा कम ल्याउने 'ग' श्रेणी ☐

ख) क नं. भन्दा फरक तरिकाबाट ☐ ग) पुरानै पद्धतिबाट ☐

३४) निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नतिबाट विद्यार्थीमा कस्तो प्रभाव परेको अनुभव गर्नुभएको छ ?

क) सकारात्मक ☐ ख) नकरात्मक ☐ ग) मिश्रित ☐

३५) उदार कक्षोन्नतिबाट विद्यार्थीहरू कुन रूपमा र कसरी लाभान्वित भएका छन् ?

३६) उदार कक्षोन्नति प्रक्रियाको अभिभावकमा कस्तो प्रभाव परेको प्रतिक्रिया पाउनु भएको छ ?

क) सकारात्मक ☐ ख) नकरात्मक ☐ ग) मिश्रित ☐

३७) उदार कक्षोन्नति मूल्याङ्कनको कार्यान्वयन गर्दा तपाईंले के कस्ता कठिनाइहरू भोग्नु भएको छ ?

## परिशिष्ट- ४

### प्राथमिक तहमा उदार कक्षोन्नति मूल्याङ्कन कार्यान्वयनको अवस्था र प्रभाव थाहा पाउन प्र.अ. तथा स्रोत शिक्षकका लागि प्रश्नावली

नाम थर : ..................................................................

विद्यालयको नाम : ..........................................................................

विद्यालयमा अध्यापन गरिरहेका विषयहरू : ........................................................

शैक्षिक योग्यता : शि.अनुभव वर्ष :

१) निरन्तर मूल्याङ्कन भनेको के हो ? यसले केके कुरालाई जनाउँछ जस्तो लाग्छ ?

२) तपाईंले निरन्तर मूल्याङ्कन प्रणालीलाई विद्यार्थी मूल्याङ्कनमा लागू गर्नुभएको छ ?

क) छ ☐ ख) छैन ☐

३) यदि तपाईंले निरन्तर मूल्याङ्कन प्रणाली अनुसार मूल्याङ्कन गर्ने गर्नुभएको छ भने कुन कुन कुरालाई मूल्याङ्कनको आधार बनाउनु हुन्छ ? (प्रयोग गरेका आधारमा चिह्न लगाउनुहोस्)

क) हाजिरी ☐ ख) कक्षा सहभागिता ☐ ग) परियोजना कार्य ☐

घ) सृजनात्मक कार्य ☐ ङ) कक्षाकार्य/गृहकार्य ☐ च) व्यवहारमा परिवर्तन ☐

४) माथि उल्लेखित आधारहरू उपयुक्त र पर्याप्त छन् ?

क) छन ☐ ख) छैनन् ☐ छैनन् भने किन केका आधारमा थप्नुपर्छ ?

५) तपाईंको विचारमा उदार कक्षोन्नति मूल्याङ्कन भन्नाले केलाई जनाउँछ ?

६) उदार कक्षोन्नतिबाट कक्षा चढाउनुलाई कस्तो मान्नुहुन्छ ?

क) उपयुक्त ☐ ख) अनुपयुक्त ☐

७) किन ? ...............................................

८) उदार कक्षोन्नति गर्दा उपलब्धि स्तरमा कस्तो असर परेको पाउनु भएको छ ?

क) सिकाइमा प्रभावकारीतामा बढेको ☐

ख) सिकाइस्तर खस्केको ☐

९) उदार कक्षोन्नति गर्दा कुन प्रकृयालाई उचित ठान्नु भएको छ ?

क) निरन्तर मूल्याङ्कन प्रणाली ☐ ख) लिखित /मौखिक परीक्षा ☐ ग) दुवै ☐

१०) किन ?........................

११) पाठ्यक्रमले निरन्तर मूल्याङ्कनलाई उदार कक्षोन्नतिको आधार बनाएको छ। निरन्तर

☐ ☐

मूल्याङ्कन विना पनि कक्षोन्नति गर्नु भएको छ ?

क) छ ख) छैन

१२) किन ?

१३) तपाईंले निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी कुन कुन तालिम लिनु भएको छ ?

१४) तालिमबाट प्राप्त कुराहरूलाई उदार कक्षोन्नति प्रकृयामा कसरी प्रयोग गर्ने गर्नुभएको छ ?

१५) उदार कक्षोन्नति विषयमा अभिभावक र प्रवुद्ध व्यक्तिहरूको धारणा कस्तो पाउनु भएको छ ?

क) सकारात्मक ☐ ख) नकरात्मक ☐ ग) मिश्रित ☐

१६) उनीहरूको धारणा त्यस्तो रहनको कारण के हुन सक्छ ?

१७) उदार कक्षोन्नतिका सकारात्मक पक्षहरू केके हुन् ?

क) प्रभावकारी र विद्यार्थी केन्द्रित शिक्षण हुनु ☐

ख) विद्यालयमा विद्यार्थी उपस्थिति नियमित हुनु ☐

ग) बीचमा विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर न्यून हुनु ☐

घ) विद्यार्थीहरूले परीक्षाको त्रासबाट छुटकारा पाउनु ☐

ङ) शैक्षिक लगानी खेर नजानु ☐

१८) पाठ्यक्रमले उदार कक्षोन्नति सम्बन्धमा के कस्ता नीति, नियम र विधिहरू तयार गरेको पाउनुभएको छ ?

१९) उक्त नीति नियमहरू पऱ्याप्त र उपयुक्त मान्नुहुन्छ ? किन ?

२०) निरन्तर मूल्याङ्कनबाट उदार कक्षोन्नति गर्ने प्रकृयाको अनुगमन तथा निरिक्षण कसरी गर्ने गर्नु भएको छ ?

क) नियमित रूपमा ☐ ख) कहिलेकाहिं मात्र ☐ ग) छैन ☐

२१) उदार कक्षोन्नति मूल्याङ्कनको अनुगमन तथा निरिक्षण केके आधारमा र कसरी गर्नुहुन्छ ?

२२) उदार कक्षोन्नति मूल्याङ्कन गर्दा शिक्षकले महसुस गरेका कठिनाइहरू के कस्ता पाउनु भएको छ ?

२३) उक्त समस्या समाधान गर्न तपाईंले गरेका प्रयासहरू केके हुन् ?

२४) उदार कक्षोन्नति मूल्याङ्कनबाट विद्यार्थीमा कस्तो प्रभाव परेको अनुभव गर्नुभएको छ ?

२५) समग्रमा शिक्षा प्रणालीमा उदार कक्षोन्नति मूल्याङ्कनको प्रभाव कस्तो पाउनु भएको छ ?

२६) उदार कक्षोन्नति प्रणालीलाई अझ सुधार गर्न कसकसलाई केके सुझाव दिन चाहनु हुन्छ ?

## परिशिष्ट - ५

### अभिभावहरूका लागि अन्तर्वाता निर्देशिका

१) विद्यालयमा तपाईंको बच्चाको मूल्याङ्कन कसरी हुन्छ ? थाहा छ कि छैन ?

२) परीक्षाको नतिजा विद्यालयले जानकारी दिन्छ वा दिँदैन ?

३) विद्यालयले समय समयमा सम्पर्क गरी बच्चाको प्रगति वा कमजोरी विषयमा परामर्श गर्छ कि गर्दैन ?

४) बालबालिकालाई विद्यालयबाट गृहकार्य दिन्छन् वा दिँदैनन् ? यसलाई के सुझाव दिनुहुन्छ ?

५) विद्यालयमा विद्यार्थीको गृहकार्य, कक्षाकार्य, अनुसासन, मानविय व्यवहारसम्बन्धी जानकारी लिन्छन् वा लिदैनन् ?

६) विद्यालयमा बालबालिकालाई परीक्षा नलिई उदार कक्षोन्नति विधिबाट कक्षा चढाइन्छ । यसबारे तपाईंलाई के थाहा छ ?

७) यस विषयमा तपाईंलाई राम्रो नराम्रो कस्तो लाग्छ ?

८) यस विषयमा आफ्नो धारणा प्रस्तुत गरिदिनुहोस् न ।

९) यसरी उदार कक्षोन्नति विधिबाट कक्षा चढाउने मूल्याङ्कनका राम्रा र नराम्रा पक्षहरू केके होलान् जस्तो लाग्छ ?

## परिशिष्ट - ६

### प्रधानाध्यापक, शिक्षक तथा स्रोतशिक्षकका लागि अन्तर्वार्ता निर्देशिका

१) उदार कक्षोन्नतिको मूल्याङ्कनको अवधारणा विषयमा

२) निरन्तर मूल्याङ्कन र यसको प्रयोगको अवस्था

३) निरन्तर मूल्याङ्कनका आधार र प्रयोग

४) उदार कक्षोन्नति मूल्याङ्कनको कार्यान्वयनका विभिन्न पक्षहरू

५) कार्य सञ्चयिका निर्माण र प्रयोगसम्बन्धी अवस्था

६) उदार कक्षोन्नति गर्न अभिलेख राख्ने सम्बन्धमा

७) उदार कक्षोन्नतिमा सम्बन्धित निकाय (प्र.अ., जि.शि.का., स्रोतव्यक्ति, वि.नि.) को भूमिका सम्बन्धमा

८) उदार कक्षोन्नतिमा शिक्षकका प्रयासहरू

९) उदार कक्षोन्नतिका कठिनाइहरू

१०) उक्त कठिनाइको समाधान गर्न आफूले देखेका उपायहरू ।

## परिशिष्ट - ७

### प्रधानाध्यापक, स्रोत शिक्षक तथा वि.नि.को लक्षित समुह छलफलका लागि निर्देशिका

१) उदार कक्षोन्नति र निरन्तर मूल्याङ्कनको अवधारणा

२) उदार कक्षोन्नति र निरन्तर मूल्याङ्कन कार्यान्वयनको अवस्था

३) उदार कक्षोन्नति र निरन्तर मूल्याङ्कनका जटिलताहरू

४) सम्बन्धित पक्षले निर्वाह गर्नुपर्ने भूमिका

५) उदार कक्षोन्नतिले शिक्षणमा पारेको प्रभाव

६) समस्या समाधानका उपायहरू

## परिशिष्ट - ८

### अनुसन्धान छनोटमा परेका विद्यालयहरूको विवरण

| क.सं. | विद्यालयहरूको नाम | विद्यार्थी सङ्ख्या | शिक्षक सङ्ख्या | शैक्षिक योग्यता | | | तालिम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | S.L.C. | I.A. | सो भन्दा माथि | प्राप्त | अप्राप्त |
| १ | श्री मैवाखोला उ.मा.वि. ढुङ्गेसाँघु | 630 | 21 | 1 | 4 | 16 | 20 | 1 |
| २ | श्री नारायणी उ.मा.वि. साँघु | 570 | 17 | 4 | 4 | 9 | 17 | - |
| ३ | श्री सूर्यदेवी मा.वि.सान्थाक्रा | 342 | 14 | 3 | 7 | 4 | 12 | 2 |
| ४ | श्री ठोट्ने नि.मा.वि.ढुङ्गेसाँघु | 213 | 8 | 3 | 5 | - | 8 | - |
| ५ | श्री सरस्वती प्रा.वि.साँघु | 143 | 4 | 4 | - | - | 4 | - |
| ६ | श्री सरस्वती नि.मा.वि. ढुङ्गेसाँघु | 195 | 7 | 4 | 3 | - | 6 | १ |
| ७ | श्री मानेडाँडा प्रा.वि. साँघु | 171 | 6 | 5 | 1 | - | 6 | - |
| ८ | श्री जालपादेवी नि.मा.वि. सान्थाक्रा | 120 | 7 | 4 | 3 | - | 7 | - |

## परिशिष्ट - ९

## विद्यार्थी प्रगति विवरण

शैक्षिक सत्र ............

विद्यालयको नाम : ....................................................................

विद्यार्थीको नाम : ................................................................ कक्षा : ....... रोल नं. : .....

| विषय | निरन्तर विद्यार्थी मूल्याङ्कन श्रेणी (क, ख, ग) | | | आवधिक उपलब्धिस्तर (लिखित तथा मौखिक) परीक्षाको आधारमा अङ्क दिने । तर यो अङ्क कक्षा उत्तीर्णका लागि नभएर विद्यार्थीको प्रगति अभिलेख र प्रगति प्रतिवेदनका लागि मात्र हुनेछ । | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | वार्षिक मूल्याङ्कन | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | वार्षिक परिक्षा | | जम्मा |
| | | | | पू. १० | प्राप्ताङ्क | पू. ३० | प्राप्ताङ्क | पू. ६० | प्राप्ताङ्क | |
| नेपाली | | | | | | | | | | |
| अंग्रेजी | | | | | | | | | | |
| गणित | | | | | | | | | | |
| सामाजिक अध्ययन तथा सिर्जनात्मक कला | | | | | | | | | | |
| विज्ञान, स्वास्थ्य र शारिरीक शिक्षा | | | | | | | | | | |
| स्थानिय विषय/मातृ भाषा | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

कक्षा शिक्षक : ................................................ रुजु गर्ने : ..........................

प्र.अ.को दस्तखत : ..........................................

## परिशिष्ट - १०

**पाठगत निरन्तर विद्यार्थी मूल्याङ्कन** निरन्तर विद्यार्थी मूल्याङ्कन फाराम नं. १

(तल दिइएका मूल्याङ्कन मापदण्डका आधारमा भर्नुपर्ने)

कक्षा : .................................... विषय : ................................. शैक्षिक सत्र : ..........

**मूल्याङ्कनका मापदण्डहरू** : १) कक्षा सहभागिता/ परियोजना कार्य (२) गृहकार्य/कक्षाकार्य (३) सिकाइबाट व्यवहारिक परिवर्तन (४) हाजिरी (५) सिर्जनात्मक कार्य रेजा चिह्न लगाउने तरिका, सिकाएको कुरा राम्ररी सिकेको ३ वटा रेजा (✓✓✓) , सिकाएको कुरा मध्यम रूपमा सिकेको २ वटा रेजा (✓✓) र सिकाएको कुरा कम मात्र सिकेकोमा १ वटा रेजा (✓) दिने ।

**रेजा चिह्नलाई श्रेणीमा गर्ने तरिका** : त्रैमासिक र वार्षिक रूपमा लिखित तथा मौखिक उपलब्धिका साथ देखाउँदा पढाइ भइसकेको पाठमा प्राप्त गरेको रेजा सङ्ख्या गणना गरी सबभन्दा बढीलाई क, त्यसपछिलाई ख र ग श्रेणी दिनुपर्नेछ ।

| क्र.सं. | विद्यार्थीको नाम | पाठ | | | | | पाठ | | | | | पाठ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1= | | 1 | 2 | 3 | 4 | 5 | 1 | 2 | 3 | 4 | 5 | 1 | 2 | 3 | 4 | 5 |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | |

कक्षा शिक्षक : .............................. रुजु गर्ने : ........................ प्र.अ.को दस्तखत : .......................